**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com








❖ वर्ष ३६ ❖ २०७९ पुस ०२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 17 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०९


## भौतिक संरचना र शिक्षक अभावले

# भिखमपुरमा तीनवटा कक्षा आलोपालो सञ्चालन

दिनेश मिश्र, वीरगंज, १ पुस/

धोबिनी गाउँपालिका–१ स्थित नेरामावि भिखमपुरमा बालविकासदेखि कक्षा १२ सम्म अध्ययन हुन्छ तर भौतिक पूर्वाधार र शिक्षक दरबन्दीको अभावमा विद्यार्थीहरूको पठनपाठन व्यवस्थितरूपमा हुन सकेको छैन ।

बालविकासदेखि कक्षा ३ सम्मका बालबालिकाहरूमा भाषा समस्या भएकोले उनीहरूलाई भोजपुरीमा पठनपाठन गराइन्छ । एकजना शिक्षिकाले बालबालिकाहरूमा भाषागत समस्या भएकोले उनीहरूको सहजताको लागि भोजपुरीमा अध्यापन गराउनुपरेको बताइन् ।

नेरामावि भिखमपुरमा बालविकासदेखि कक्षा १२ सम्म एक हजार ५३४ विद्यार्थी भर्ना भएको तथ्याङ्कले देखाउँछ । यो विद्यालयमा विद्यार्थी सङ्ख्या बढी भएकाले कक्षा ७, ८ र ९ मा अध्ययनरत विद्यार्थीहरू महीना दिनमा १५ दिन मात्रै अध्ययन गर्न पाउँछन् । यी तीनवटा कक्षामा ५३६ जना विद्यार्थी छन् । विद्यार्थी सङ्ख्या बढी भएको र सो अनुरूपको शिक्षक दरबन्दी नहुँदा विद्यार्थीहरूलाई आलोपालो गरी पढाउने गरेको प्रधानाध्यापक विनयकुमार कुर्मीले बताए ।

उनले भौतिक संरचनाको अभाव र दरबन्दी अनुसार शिक्षक नहुँदा आलोपालो गरी पढाउनुपरेको र यसले ती कक्षाका विद्यार्थीहरूको सिकाइ क्षमता प्रभावित भएको स्वीकारे । उनले शिक्षक



तस्वीरः प्रतीक

दरबन्दीका लागि वडाध्यक्ष र गापा अध्यक्षको ध्यानाकर्षण गराउँदै आएको बताए । उनले पछिल्लो समयमा वडाध्यक्ष र गापाध्यक्षको पहलमा भौतिक पूर्वाधार र चारजना शिक्षकको दरबन्दीका लागि पहल भएको बताएका छन् । उनले विद्यालयमा कक्षाकोठाको अभाव भएको र २० जना मात्रै शिक्षक भएकाले थप १५ जना शिक्षक आवश्यक भएको बताए । प्रअ कुर्मीले विद्यालयमा दशवटा कक्षा कोठा र १५ जना शिक्षकको दरबन्दी बढाइएको खण्डमा सबै तहका कक्षाहरू समानरूपमा नियमित सञ्चालन हुन सक्ने बताए । उनले यथावस्थामा विद्यालय सञ्चालन गर्दा समस्याहरू देखिएको र नियमितरूपमा पठनपाठन गराउन नसकेको दुःखेसो पोखे ।

शिक्षक अभावमा अहिलेसम्म तीनवटा कक्षाको स्वास्थ्य विषय पढाइ नभएको एकजना छात्राले बताइन् ।

गापाध्यक्ष मदनप्रसाद चौहान र प्रमुख प्रशासकीय अधिकृत नवाज हुसेनले विद्यालयको अवस्थाबारेमा अवगत भएको र नगरपालिकाले भौतिक संरचना निर्माण र शिक्षक दरबन्दी बढाउनेतर्फ पहल गरिरहेको र यो समस्याको चाँडै समाधान गरिने आश्वासन दिए ।

## नेपाल पत्रकार महासङ्घ, पर्साको २५औं साधारणसभा सम्पन्न

# विकाससँगै पत्रकारितामा विकृति बढ्दै -सचिव चौहान

प्रस, वीरगंज, १ पुस/

नेपाल पत्रकार महासङ्घ, पर्साको



तस्वीरः प्रतीक

२५औं वार्षिक साधारणसभा शुक्रवार महासङ्घको सभाहलमा सम्पन्न भएको छ । नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहानले साधारणसभाको उद्घाटन गरेका थिए ।

उनले पछिल्लो चरणमा पत्रकारिताको विकास भएसँगै विकृति पनि मौलाएको भन्दै मर्यादित पत्रकारिताको लागि सबैको पहल आवश्यक हुने बताए । वीरगंजको पत्रकारिता शुरूदेखि बदनाम गरिएको तर आशाप्रदरूपमा यसमा सुधार भएपनि अहिले पनि केही विकृतिहरू रहेकाले त्यसको सुधारमा सबैको पहल हुनुपर्ने सुझाव दिए । उनले वीरगंजमा एकथरी पत्रकारले मेहनत गर्ने र अर्कोथरी पत्रकारले त्यसको हूबहू गरेर पत्रकारिताको मानमर्दन गरेको बताए ।

समाचार स्रोत खोलेर मात्र समाचार प्रकाशन गर्न उनले आग्रह गरे । मेहनत गर्ने र गुणी पत्रकारहरू ओझेलमा परेका र हूबहू गर्नेहरूको हालीमुहाली भएकाले त्यस्ता कार्य गर्नेविरुद्ध महासङ्घले निगरानी गर्नुपर्ने बताए ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछानेले सङ्ख्यात्मकरूपमा पत्रकारको सङ्ख्या बढे पनि गुणात्मकरूपमा बढ्न नसकेको भनी चिन्ता जाहेर गरे ।

महासङ्घका मधेस प्रदेश महासचिव श्याम बन्जाराले मूल्यनिष्ठ पत्रकारिता गर्नुपर्ने सुझाव दिए । पत्रकारिता क्षेत्रमा भएका अवगुणहरूलाई हटाउने, नयाँ सिराबाट पत्रकारिताको विकास गर्नुपर्ने र यसका लागि युवाहरूको सक्रिय सहभागिता आवश्यक हुने बताए । वीरगंजको पत्रकारितामा देखिएका विकृतिहरूलाई क्रमशः सुधार गर्दै जानुपर्ने उनले बताए ।

महासङ्घका पूर्व मध्यमाञ्चल संयोजक महेश दासले पत्रकारिताको आकर्षण बढेसरह पत्रकारहरूको सोही अनुरूपको सहभागिता आवश्यक हुने बताए । अहिलेको प्रविधिको युगमा पत्रकारहरू पनि प्रविधिमैत्री हुनुपर्ने र समाचार सोही अनुरूपको पस्केर पाठकहरूको मन जित्नुपर्ने बताए । नेपाल पत्रकार महासङ्घ, मधेस प्रदेशकी सदस्य लक्ष्मी खरेलले महिला पत्रकारहरूलाई समानरूपमा अवसर दिनुपर्ने बताइन् । उनले महिला पत्रकारहरूको वृत्ति विकास, तालीमलगायत उनीहरूलाई अवसर प्रदान गर्नुपर्ने र यस कार्यमा कञ्जुस्याइँ हुँदै आएको भनी गुनासो पोखिन् ।

महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा पूर्वअध्यक्ष अशोक तिवारी, डा विश्वम्भर शर्मा, निमित्त प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, पत्रकारहरू राघव साह, नीरज पिठाकोठे मगर, विजय चौहान, विजय भण्डारीलगायतले साधारणसभामा शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण सचिव भूषण यादवले गरेका थिए ।

साधारणसभा उद्घाटनपछि बन्दसत्र सम्पन्न भएको थियो । बन्दसत्रमा सचिव भूषण यादवले साङ्गठनिक प्रतिवेदन र कोषाध्यक्ष सञ्जीव मिश्रले आर्थिक प्रतिवेदन पेश गरेकामा परिमार्जनसहित पास भएको थियो । बन्दसत्रमा पत्रकार महासङ्घले गर्नुपर्ने दायित्वका कार्यहरू इमानदारीपूर्वक गर्नुपर्ने, सदस्यता वितरण पूर्वाग्रहरहित हुनुपर्ने, तालीम प्रशिक्षणहरूमा समान सहभागिता गराउनुपर्ने जस्ता कुराहरू सहभागी पत्रकारहरूले उठाएका थिए ।

# वीरगंज कोरिडोरमा कलम उद्योग शुरू

प्रस, परवानीपुर, १ पुस/

वीरगंज कोरिडोरमा २५ करोड



कलम उद्योग र सञ्चालक मनोजकुमार मरोडिया । तस्वीरः प्रतीक

रुपैयाँको लागतमा कलम उद्योग स्थापना भएको छ ।

बारा, परवानीपुर गाउँपालिका–४ चैनपुरस्थित आजदेखि सञ्चालनमा आएको कलम उद्योगको नाम वीणाशक्ति पेपर एन्ड स्टेशनरी प्रोडक्ट राखिएको छ । २४ घण्टामा चार लाखसम्म कलम उत्पादन गर्ने क्षमता रहेको उद्योगका सञ्चालक मनोजकुमार मरोदियाले जानकारी दिए ।

कलममा नेपाल आत्मनिर्भर नभएको र आयात गरी यहाँको मागलाई धान्नुपर्ने बाध्यता रहेकोले अढाई कट्ठा जग्गामा आफ्नो उद्योग सञ्चालन भएको र यसले कलम आयात केही कम हुने विश्वास लिएको बताए । तीन तले भवनमा जापानिज, जर्मन र भारतीय प्रविधिको संयोजनमा कलम उत्पादन हुने सञ्चालक मरोदियाले बताए ।

मरोदियाले विगत १६ वर्षदेखि स्टेशनरीको ट्रेडिङ गर्दै आएका छन् । यो उद्योग नेपालकै एउटा ठूलो प्रविधि भएको र कच्चा पदार्थ आयात गरी कलम उत्पादन गर्ने पहिलो उद्योग भएको उनको दाबी छ । यसअघि, नेपालमा स्टारलाइन कलम उद्योग सञ्चालनमा आए तापनि अहिले सो उद्योग बन्द छ । साथै विराटनगरमा रेन्को ब्रान्डको कलम उत्पादन गर्ने उद्योगले पनि आंशिकरूपमा मात्र कच्चा पदार्थ ल्याएर एसेम्बल गरी कलम उत्पादन गर्दै आएको छ ।

करीब १६ प्रकृतिका रु ५ देखि ५० सम्मका कलम उत्पादन गर्ने उद्योगमा निकट भविष्यमा थप १५ करोड लगानी गर्ने लक्ष्य रहेको उद्योगी मरोदियाले बताए ।

यस उद्योगमा करीब १२५ जना नेपाली नागरिकले रोजगार पाउने व्यवस्थापन पक्षले बताएको छ । गुणस्तरीयताको हिसाबले भारतीय ब्रान्ड

(बाँकी पाँचौं पातामा)


## हार्दिक श्रद्धाञ्जलि



जन्मः २०४५/११/१९

स्वर्गारोहणः २०७९/०८/२०

**स्व प्र.स.ह. शशिकान्त चौरसिया**

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैया, बाराका प्रहरी सहायक हवलदार **शशिकान्त चौरसिया**को मिति २०७९ मङ्सिर २० गते ३४ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नान्तीराज गुरूङ (प्रहरी उपरीक्षक)**
**एवं**
**नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैया, बारा, परिवार**


# रौतहटको समनपुरमा शीतभण्डारको शिलान्यास

प्रस, गरुडा, १ पुस/

रौतहटको समनपुरमा


तस्वीरः प्रतीक

शीतभण्डारको शिलान्यास गरिएको छ । एक समारोहबीच गढीमाई नगरपालिका–१ समनपुरमा आधुनिक र व्यवस्थित शीतभण्डारको संयुक्तरूपमा शिलान्यास गरिएको हो ।

गढीमाई नगरपालिकाका प्रमुख श्यामप्रसाद यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव, लेखा अधिकृत कामेश्वर सहनी र वडाध्यक्ष रामपुकार राय यादवले समनपुर शीतभण्डारको संयुक्तरूपमा शिलान्यास गरेका हुन् ।

यस क्षेत्रकै पहिलो शीतभण्डारको लागत सात करोड ९२ लाख रुपैयाँ रहेको नगरपालिकाका लेखा अधिकृत सहनीले जानकारी गराए ।

स्थानीयवासीको लामो समयदेखिको मागको रूपमा रहेको शीतभण्डारको शिलान्याससँगै निर्माण कार्य पनि शुरू हुने र तोकिएको समयमैं निर्माण हुने निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवको भनाइ छ ।

शीतभण्डारको निर्माणपछि गढीमाई तथा वृन्दावन नगरपालिका र सर्लाहीको बरहथवा नगरपालिकाका स्थानीय किसानलाई प्रत्यक्ष फाइदा पुग्ने विश्वास लिएको नगरप्रमुख यादवले व्यक्त गरे ।

व्यवस्थित शीतभण्डारको अभावमा स्थानीय किसानहरूलाई निकै मर्का पर्ने गरेको छ । शीतभण्डारको निर्माण भएपछि कृषि उत्पादनको व्यवस्थित भण्डारण गरिने र किसानहरूले उचित मूल्य पाउने सम्भावना रहन्छ । साथै निश्चित तापक्रममा राखेर बीउबिजनको गुणस्तर पनि जोगाउन किसानलाई सहयोग पुग्ने आशा लिएको नगरप्रमुख यादवले बताए ।

सहज र सुविधायुक्त तथा उपयुक्त ठाउँमा निर्माण भइरहेकोले शीतभण्डारले सर्वसाधारण कृषकलाई धेरै किसिमले फाइदा दिने नगरप्रमुख यादवको दाबी छ ।

# महानगरले दैनिक ज्यालादारी कर्मचारी हटायो

प्रस, वीरगंज, १ पुस/

वीरगंज महानगरपालिका कार्यालयले शुक्रवारदेखि दैनिक ज्यालादारीमा खटेका कर्मचारीहरूलाई हटाएको छ । प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा सो अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी/केन्द्रमा दैनिक ज्यालादारीमा कार्यरत सबै कर्मचारीलाई आजका मितिदेखि हटाइएको सूचना जारी गरेका छन् । उनले जारी गरेको सूचनामा यो अवधिमा वारुणयन्त्र तथा नगरप्रहरीमा बहाल भएका दैनिक ज्यालादारीलाई भने नहटाइएको बताए ।

महानगरपालिकाले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मुखमा असोज १५ गतेको निर्णय अनुसार कात्तिक २ गतेदेखि दैनिक ज्यालादारीमा कर्मचारीहरू भर्ना गरेको थियो । महानगरपालिकाले अहिलेसम्म त्यतिखेर कति कर्मचारी भर्ना गर्‍यो भन्नेबारेमा यकीन तथ्याङ्क सार्वजनिक गरेको छैन । प्रमुख प्रशासकीय अधिकृत पौडेलले आज जारी गरेको सूचनामा पनि कतिजना बहाल थिए, कतिजना हटाइए भन्नेबारे खुलाएका छैनन् ।

## विचारसार र सूक्तिहरू

**राम्रो काम आरम्भमा असम्भव लाग्छ, तर पछि यस कारण सरल हुन्छ कि ईश्वर भलाईको सहायता गर्न उत्रन्छन्।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# बेवारिसे सडक

**जहाँ सडक छ, त्यहाँ यातायात पुग्ने भएकोले उत्पादन एवं बजारसँगको पहुँच सहज हुन्छ। यसले स्थानीयको जीवनस्तर उकास्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। यातायात सुविधाले शिक्षा र स्वास्थ्यलाई सहज साथै सुलभ बनाइदिन्छ। सडकसँगै बिजुली र सञ्चार सुविधा भएको स्थान, मानवीय आवश्यकताका वस्तुहरूको उपयोग एवं उपलब्धतामा अगाडि हुन्छ। कतिपय हवाई मार्ग पार भएर पुग्नुपर्ने दूरदराजका स्थानहरू छन्। त्यसैगरी, कतिपय स्थान समुद्र पार गरेर पुग्नुपर्ने अवस्थाका छन्। फेरि पनि त्यहाँ पुगेपछि सडक नै मुख्यरूपमा अगाडि आउँछ। हाम्रो मुलुक दोलखाको जिरी बजार अरू शहरहरूभन्दा पृथक छ। जिरीको सबैभन्दा नजीक पर्ने भीमेश्वर नगरपालिका अर्थात् चरिकोट बजारदेखि जिरीसम्मको सडक अझै भरपर्दो छैन। कतिपय स्थानमा कच्ची सडक छ। यसअघि पैदल मार्गबाहेक काठमाडौं–जिरी हवाई मार्ग एकमात्र विकल्प थियो। तर पनि काठमाडौं आसपासका शहरहरूभन्दा जिरीको स्थानीय विकास अब्बल छ। कारण विसं २०१४ मा स्वीट्जरल्यान्ड सरकारले त्यहाँ सडक निर्माण शुरू गर्‍यो। जिरी विमानस्थलदेखि स्थानीय कृषि पकेट क्षेत्र एवं पर्यटकीय स्थलहरूसम्म सडक निर्माण गरियो। 'कृषि, सडक, शिक्षा र स्थानीय विकास निर्माण' स्वीस सरकारको मूल मन्त्र थियो। यहाँ उत्पादित अर्थोडक्स चिया आज विश्व प्रसिद्ध छ र जिरी नगरपालिका व्यापारिक केन्द्रको सूचीमा छ।**

**सडक बाटो लगातार जोडिएर कतै टाढादेखि आउनुपर्छ भन्ने सोचबाट मुक्त हुनु जरुरी छ। जहाँ कृषि, पर्यटन वा स्थानीय उत्पादनको सम्भावना छ, त्यहींबाट सडक शुरू गर्दा पनि स्थानीय विकासले अग्रगति लिन सक्छ। पर्सा जिल्लाकै सन्दर्भमा हिजो सदरमुकामबाट गाउँ जाने सडक र यातायात नहुँदा भिस्वा र ठोरी बजार अरू गाउँहरूभन्दा कहलिएका थिए। यी दुवै स्थान भारतीय रेलवे सेवासँग जोडिएका थिए। त्यति बेला भिस्वा एवं ठोरीबाट सडक निर्माण शुरू गरिएको भए आज ती स्थानहरूको आर्थिकस्तर निकै उच्च भइसकेको हुने थियो। वीरगंजबाटै सडक जानुपर्ने सोचका कारण गाउँको विकास पछि परेको हो।**

**शहरियाले भन्दा गाउँलेहरूले यो कुरा अझै बुझेका छैनन्। वीरगंज र ठोरी हुलाकी सडकले भर्खरै जोडिएको हो। त्यसैगरी, वीरगंज–पोखरिया–भिस्वा पनि सडक सञ्जालमा जोडिएका छन्। हिजो भारतीय बाटो हुँदै कैयौं दुःख, कष्ट, झमेला सहेर वीरगंज आइपुग्नुपर्ने ठोरी, भिस्वाका बासिन्दा आज सदरमुकामको ड्युटीसमेत घरबाटै भ्याइरहेका छन्। तर पनि यी दुवै क्षेत्रसम्म पुग्ने सडकको अवस्था र स्थानीय सरकारको शैली हेर्दा यो सडक धेरै दिन टिक्न नसक्ने देखिन्छ। कालोपत्रे भत्किसकेपछि सडक नक्शा र कागजमा रहला, यात्रुका लागि त आजको मिलनचोक–बेलवा सडकको हालत हुनेछ। बिग्रेपछि बन्दैन। एकले अर्काको टाउकोमा थोपर्दै वर्षौं बित्छ। सडकलाई बिग्रनै नदिनु बुद्धिमत्ता हो। त्यसको निम्ति सडकसँग जोडिएका हरेक पालिकाले सडक संरक्षणसम्बन्धी नीति, नियम, कानून बनाउनुपर्छ। कालोपत्रे सडकको जहाँतहींबाट नाला काटेको छ, व्यक्तिगत निर्माण सामग्री थोपरेर सडक बिगारिरहेको छ। कालोपत्रे खोपेर टेन्ट र प्रवेशद्वार निर्माण गरिएका छन्। सडकबाट जथाभावीरूपमा ट्याक्टर, ट्रकहरू खेतमा उतारिएका छन्। कतिपय स्थानमा ट्याक्टरको चक्का वा हैरोले सडक जोतिएका खोर्सिएका छन्। सडक बेवारिसे बनेको छ।**

# समाजवादी अर्थतन्त्रविनाको समाजवाद गजेडीको गफ मात्रै


स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com



**कुनै जमानामा 'सादा जीवन उच्च विचार'को भनाइ नेताहरूको व्यवहारले 'उच्च जीवन तुक्छ विचार'मा रूपान्तरण हुँदै गयो। फलस्वरूप यिनीहरू जनताबाट टाढिँदै गयो। जनतामा दलहरूप्रति तथा नेताहरूप्रति निराशा उत्पन्न हुँदै गयो।**


क्रान्ति भन्ने शब्द नै आफैंमा निकै रोमाञ्चित शब्द हो। यो शब्दले एकातिर गरीब, शोषित, पीडित सीमान्तकृतहरूमा उत्साह र उमङ्ग भर्ने गर्दछ भने अर्कोतर्फ क्रान्तिका शत्रु अर्थात् प्रतिक्रियावादी वर्गमा आक्रोश, निराशा र कुण्ठा तुरुन्तै उत्पन्न गर्दछ। क्रान्ति दुई शब्द मात्रै मिलेर बनेको छ तर यसले निकै ठूलो अर्थ राख्दछ। एक्काइसौं शताब्दीमा विकासको पथमा त्यो राष्ट्र मात्र अगाडि बढ्न सकेको छ, जसले क्रान्ति गर्न सकेको छ। क्रान्तिका विभिन्न रूपहरू हुन्छन्। वास्तवमा क्रान्ति मानवजीवनमा नभई नहुने एउटा अनिवार्य शर्त हो। एउटा व्यक्तिको लागि पनि व्यक्तिगतरूपमा, एउटा समुदायको लागि सामुदायिकरूपमा तथा सिङ्गो देशको लागि राष्ट्रियरूपमा अहिलेसम्म निकै चोटि क्रान्ति हुँदै आएको छ। प्रत्येक क्रान्तिले मानवजीवनको सुखसुविधाका चौतर्फी ढोकाहरू खोल्ने गर्दछ। त्यसैले मानव समाज चाहेर होस् नचाहेर होस् जहिले पनि क्रान्तिको पक्षमा जानेर नजानेर लागेकै हुन्छ। जतिबेला प्राकृतिक हिसाबले मानिसहरू जङ्गलमा थिए, जङ्गली जीवन गुजार्दै थिए, त्यति बेला पनि जङ्गली जीवनबाट गाउँले जीवनमा आउनलाई एउटा ठूलो क्रान्तिको खाँचो थियो। हुनत त्यति बेला कुनै पनि दलहरू खोलिने अवस्था थिएन तर क्रान्ति निरन्तर प्रक्रिया भएको हुनाले दल नभए पनि जङ्गली अवस्थाबाट मानव समाज दास अवस्थातर्फ अग्रसर भयो। आज मानव समाजको इतिहासलाई हेर्दा जङ्गली अवस्था, दास अवस्था, सामन्ती व्यवस्था, पूँजीवादी अवस्था तथा समाजवादी व्यवस्थाको चरणसम्म मानव समाज पुगिसकेको छ। मानव समाजमा देखिएका यी सबै परिवर्तनका एकमात्र कारण हुन् क्रान्ति। क्रान्ति नभएको भए मानव समाज अझै पनि जङ्गली अवस्थामैं हुने थियो होला। तर क्रान्ति भनेकै परिवर्तन हो। परिवर्तन जहिले पनि गतिसँग गाँसिएको हुन्छ। गति भनेकै एक ठाउँबाट अर्को ठाउँमा स्थान परिवर्तन हुनु हो। त्यस कारण मानव समाज खाद्यान्न व्यवस्थापनको लागि गतिशील भइरहँदा समाजमा देखा परेको आवश्यक आर्थिक उपार्जनको अवस्थाले गर्दा नै यी सबै परिवर्तन सम्भव भएका हुन्। सबै क्रान्तिको मूलमा आर्थिक परिवर्तन नै रहेको हुन्छ। आर्थिक क्रान्तिले सबै क्रान्तिलाई नेतृत्व प्रदान गर्दछ। त्यसै कारण राजनीतिक परिवर्तनले तबसम्म आकार ग्रहण गर्दैन, जबसम्म त्यहाँ परिवर्तन हुँदैन। आर्थिक परिवर्तनविनाको क्रान्ति अधूरो र लङ्गडो हुन्छ। आजसम्म नेपालमा हुँदै आएका परिवर्तनहरू आर्थिक परिवर्तनविनाका हुन्। फलस्वरूप लक्षित वर्ग, समुदायमा कुनै पनि परिवर्तनको अनुभूति हुन सकेको छैन। यसको मूल कारण नै आर्थिक परिवर्तन नहुनु हो अर्थात् लक्षित समुदायलाई लाभान्वित हुनेगरी आर्थिक परिवर्तन हुन नसकेका सबै आन्दोलन असफल भएका छन्। त्यस आन्दोलनका सञ्चालनकर्ता दलहरू जनताको बीचमा अलोकप्रिय बन्दै गएका छन्। कुनै जमानामा नेपाली काङ्ग्रेस ठूलो क्रान्तिकारी दल थियो। विगतमा यसले शान्तिपूर्ण आन्दोलनदेखि हतियारसम्म उठाएको छ तर हिजोआज नेपालमा सबैभन्दा गन्हाउने दल नै नेपाली काङ्ग्रेस देखिएको छ। भ्रष्टाचारमा पैतालादेखि टुप्पीसम्म डुबिसकेको दलको रूपमा नेपाली काङ्ग्रेस देशैभरि जानिन्छ। त्यसैगरी, कुनै बेला झापाबाट छ इन्च सानो गर्ने भन्ने आन्दोलनबाट चर्चामा आएका झापालीहरू नेपालका निकै क्रान्तिकारी थिए तर त्यति बेला जनताको जीवनमा परिवर्तन ल्याउन नसक्ने, आर्थिक परिवर्तन गर्न नसक्ने, केवल संसद्मा अल्झिरहने, भ्रष्टाचारमा रमाइरहने साथै जनताको बहुदलीय जनवाद भन्दै आफैंमा मस्त रहने नीति अख्तियार गरेपछि नेकपा एमाले र काङ्ग्रेसमा यतिबेला कुनै भिन्नता देखिएको छैन।

त्यसैगरी, सामन्तवाद र दलाल पूँजीवादको जगसमेत हल्लिने गरी नेपालमा दश वर्ष सञ्चालन भएको जनयुद्धले राजतन्त्र त सधैंको लागि समाप्त पारे पनि आर्थिक परिवर्तन गर्न नसक्दा नेपालका हुँदाखाने वर्गहरू बिचल्लीको अवस्थामैं रहेकाले दोस्रो आमनिर्वाचनले के देखायो भने क्रमशः नेकपा (माओवादी केन्द्र)को जनसमर्थन बिस्तारै पातलिंदै गएको छ। पहिलो संविधानसभाको निर्वाचनमा प्रथम दलको रूपमा देखिएको नेकपा (माओवादी) यतिबेला तेस्रो दलको रूपमा देखिनु राम्रो होइन। त्यसैले यतिबेला के बुझ्न जरुरी छ भने वास्तवमा नेपालको अर्थतन्त्रमा कसरी सबैको सहभागिता हुनेछ। कुन प्रकारको अर्थतन्त्रले सम्पूर्ण नेपालीलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, बुढेसकाल सबैको व्यवस्थापन गर्न सक्षम हुनेछ। यसतर्फ अब विचार गर्न जरुरी छ। केवल नेताहरूको लागि गरिने आन्दोलन वा क्रान्तिको कुनै अर्थ छैन। नेपालमा आन्दोलनको खडेरी कहिले देखिएको छैन। २००७ सालदेखिकै हिसाब गर्ने हो भने नेपालमा थुप्रैचोटि आन्दोलनहरू भए। झन्डै एक दर्जन जति निश्शस्त्र अर्थात् शान्तिपूर्ण तथा सशस्त्र अर्थात् बल प्रयोगद्वारा भएका आन्दोलनहरूले पनि खासै सही आर्थिक परिवर्तन लक्षित समुदायमा गर्न सकेन। यसको मूल कारण के हो त ? आजको यक्ष प्रश्न यही नै हो। आउनुस्, यसैबारे थोरै चर्चा गरौं।

२००७ देखि २०४६ सालसम्म गर्न खोजिएको श्रमिक, किसान, मजदूर समुदायको हितको आर्थिक रूपान्तरण हुन नसकेपछि खासगरी नेपाली काङ्ग्रेस र नेकपा एमाले संसदीय दलालमा रूपान्तरण भएपछि राजनीतिक विस्फोटको रूपमा २०५२ सालमा नेकपा माओवादीले सञ्चालन गरेको जनयुद्ध देखिएको हो। माओवादी विद्रोह सर्वोच्च एवं क्रान्तिकारी आन्दोलन थियो। यो विद्रोह सयौं वर्षदेखि विभेदमा पारिएका बहुसङ्ख्यक नेपाली शोषित, पीडित, सीमान्तकृत नागरिकको लागि भएको थियो।

तर जनयुद्धले जनतालाई स्थापित गर्नुको सट्टा राजतन्त्रलाई विस्थापित गरे पनि सहीरूपमा वैज्ञानिक समाजवाद ल्याउन वातावरण तयार पार्न सकेन, न त त्यसको लागि संविधान नै तयार पार्न सक्यो। देशीविदेशी विस्तारवादी, साम्राज्यवादी, प्रतिक्रियावादीहरूको दबाब तथा नेपालभित्रकै दलाल पूँजीवादीहरूको दलालमा रूपान्तरण भइसकेका नेकपा एमाले तथा नेपाली काङ्ग्रेस जस्ता दलको दोस्रो संविधानसभामा वर्चस्व हुनुले जनयुद्धको बलमा प्राप्त गर्नुपर्ने जनगणतन्त्रको उपलब्धि प्राप्त नभई केवल जनताको आँखामा छारो हाल्ने काम मात्र गरियो।

दलाल पूँजीवादी व्यवस्थालाई नै नयाँ रूपरङ्गमा सजाए र संविधानसभामार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्र नामकरण दिइयो। वास्तविक अर्थमा जनयुद्धले उठाएका विभिन्न मुद्दाहरूप्रति नेकपा माओवादी इमानदार हुन सकेन। उसले संसद्भित्र क्रमशः सत्ताको भागबन्डामा लागेर दिल्ली दरबार र बेइजिङ दरबारतर्फको यात्रा गरिरहँदा पटक–पटक नेपाली काङ्ग्रेस र नेकपा एमालेजस्ता दलाल दलसँग झुकेर सत्ता सहवरण मात्रै गर्‍यो। चाहेर वा नचाहेर नेकपा माओवादी स्वयम् दलाल पूँजीवादको दलालमा आफूलाई रूपान्तरण गर्‍यो। दलको मूल लक्ष्य नै सत्ता भएपछि दलभित्रका नेताहरू सरकारमा पुग्न दलभित्र विभिन्न खालका गुट बनाउन थाले, जसले गर्दा दल गुटमा रूपान्तरण हुन पुग्यो। गुटले गर्दा सरकारमा पाउने सेवा र सुविधा सीमित भएकाले एउटाले पाउँदा अर्कोले दलभित्र विरोध गर्न थाल्यो। स्थिति कहाँसम्म देखियो भने दलभित्रकै एउटा गुटले टिकट पाउँदा अर्को गुटले त्यसलाई हराउन टुप्पी कसेर लागेको देखियो।

भूमिगतकालमा नेताहरू जसरी जनताको घरमा बस्ने गर्थे, खुला भएपछि खासगरी संसद्मा पुगेपछि उनीहरूको रहनसहन, खानपिन, उठबस सबै राजा महाराजा जस्तै देखिन थालियो। यसले गर्दा पनि प्रश्न उठ्नु स्वाभाविक थियो, के यिनीहरू कम्युनिस्ट हुन् त ?

यिनीहरूको चरित्र कम्युनिस्ट कम सामन्त तथा बुर्जुवाहरू जस्ता देखिन थाले। ठूलाठूला तारे होटलहरूमा बैठक गर्नुपर्ने, मीठोमसिनो मात्र खानुपर्ने तथा जनताका सुखदुःखमा सहभागी हुनुभन्दा तस्कर माफियाको कार्यक्रमहरूमा बढीजसो उठबस देखिन थाल्यो, यसले गर्दा संसदीय भासमा रहेका तथाकथित सबै कम्युनिस्ट दल दलाल पूँजीवादी व्यवस्थाका दलालहरू मात्रै हुन् भन्ने कुरा जनताको अगाडि घाम जस्तै छर्लङ्ग हुँदै गयो। कुनै जमानामा 'सादा जीवन उच्च विचार'को भनाइ नेताहरूको व्यवहारले 'उच्च जीवन तुक्छ विचार'मा रूपान्तरण हुँदै गयो। फलस्वरूप यिनीहरू जनताबाट टाढिंदै गयो। जनतामा दलहरूप्रति तथा नेताहरूप्रति निराशा उत्पन्न हुँदै गयो। अबको गन्तव्य केवल खाडीको देश हो भन्ने बुझाइ युवाहरूमा पलाउँदै गयो। फलस्वरूप झन्डै एक करोड युवा यतिबेला विदेश गइसकेका छन् वा जाने तरखरमा छन्।

देशभित्र बनाइएको तथाकथित कम्युनिस्ट सरकारले सुशासनको प्रत्याभूति पनि दिन सकेन, न त कुनै बलात्कारकाण्डका बलात्कारी नै पक्राउ परे। न त कुनै ठूला माछा भनिएका भ्रष्टाचारी जेल गए। न्यायालयसम्म विभाजित तथा विवादित अवस्थामा सडकमा छताछुल्ल भए। प्रधानमन्त्रीको नियुक्ति अदालतबाट भएपछि दलाल पूँजीवादी व्यवस्थाको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नामक मुखौटा च्यातियो। जनताले प्रस्ट बुझ्न थाल्यो कि वास्तवमा यो व्यवस्था तस्कर, माफिया, फटाहा नेताहरूको मात्रै हो। यसले आमजनताको हित गर्न सक्दैन।

नेपालमा २००६ सालमा खुलेको कम्युनिस्ट दल २०७९ सालसम्म आइपुग्दा पनि क्रान्तिको छेउ–टुप्पो कतै देखिंदैन। अहिलेसम्म विश्वास गरिएका सबै कम्युनिस्ट दल र कम्युनिस्ट नेताहरूले जनतालाई धोका नै दिएका छन्। यस्तोमा वास्तवमा दल खराब भएर नेता बिग्रेका हुन् अथवा नेता खराब भएर दल बिग्रेका हुन् भन्ने एक खालको बहस तथाकथित कम्युनिस्ट दलहरूभित्र नेपालमा चलेको देखिन्छ। जबकि यी दुवै प्रवृत्ति ठीक होइन। यतिबेलासम्म नेपालमा के भन्न सकिन्छ भने आजसम्म प्रयोग गरिएको कम्युनिस्ट क्रान्तिका सबै मोडल असफल भएका छन्। त्यसो भए अबको कार्यभार के त ? यसबारे सोच्न जरुरी छ। दलाल पूँजीवादी व्यवस्थाभित्र रहेर यसलाई समाप्त गर्न सकिंदैन। यो व्यवस्थाको जूठोपुरो चाटेर कहिले पनि यसलाई समाप्त पार्न सकिंदैन। यस व्यवस्थाको विरुद्ध उभिएर बाहिरबाट यसलाई हिर्काउनुपर्छ अनि मात्रै यो व्यवस्था समाप्त हुन्छ। दलाल पूँजीवादी व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद नै हो। वैज्ञानिक समाजवाद ल्याउनको लागि समाजवादी अर्थतन्त्र निर्माण गरेर दलका कार्यकर्ता तथा समुदाय सबैलाई आत्मनिर्भर बनाउन जरुरी छ। अनिमात्रै हाम्रो विकास र समृद्धि सम्भव छ, नभए उही गजेडीको गफ मात्रै हो।

# पाँच महीनामा बजेट खर्च २४ प्रतिशत, पूँजीगत खर्च नौ प्रतिशत मात्रै

काठमाडौं, १ पुस/रासस

चालू आर्थिक वर्षको पहिलो पाँच महीनामा सरकारको बजेट खर्च २४ दशमलव २६ प्रतिशत बराबर देखिएको छ।

चालू आवका लागि सरकारले कुल रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याएको थियो। जसमध्ये मङ्सिर मसान्तसम्ममा रु चार खर्ब ३५ अर्ब २१ करोड ११ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

यस अवधिमा सरकारको पूँजीगत खर्च करीब नौ प्रतिशत बराबर मात्रै देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार मङ्सिर मसान्तसम्ममा सङ्घीय सरकारको पूँजीगत खर्च रु ३३ अर्ब ९९ करोड १६ लाख बराबर छ।

चालू आर्थिक वर्षका लागि सरकारले पूँजीगत शीर्षकमा रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबर बजेट छुट्याएको छ। हालसम्मको पूँजीगत खर्च आठ दशमलव ९४ प्रतिशत बराबर हो।

त्यस्तै, चालू शीर्षकमा विनियोजित कुल रु ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बजेटमध्ये हालसम्म २९ दशमलव ९४ प्रतिशत खर्च भएको छ। जुन रु तीन खर्ब ५४ अर्ब २५ करोड ६९ लाख बराबर हो।

वित्तीय व्यवस्थापनतर्फ रु दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख बजेट छुट्याइएकामा मङ्सिर मसान्तसम्ममा रु ४६ अर्ब ९६ करोड २६ लाख बराबर खर्च भएको छ। जुन खर्च वित्तीय व्यवस्था शीर्षकमा विनियोजित बजेटको २० दशमलव चार प्रतिशत बराबर हो। यसरी हेर्दा हालसम्म सरकारको पूँजीगत खर्चभन्दा वित्तीय व्यवस्थापन शीर्षकमा भएको खर्च बढी देखिएको छ।

यही अवधिमा सरकारको राजस्व सङ्कलन २४ दशमलव ५२ प्रतिशत बराबर रहेको छ। चालू आर्थिक वर्षका लागि कुल रु १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख आन्तरिक राजस्व उठाउने र रु ५५ अर्ब ४५ लाख ८३ करोड वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेको छ।

हालसम्म आन्तरिक राजस्व सङ्कलन रु तीन खर्ब २६ अर्ब ८९ करोड अर्थात् वार्षिक लक्ष्यको २३ दशमलव तीन प्रतिशत बराबर छ। साथै यस अवधिमा सरकारले रु तीन अर्ब ४१ करोड ५९ लाख अर्थात् वार्षिक लक्ष्यको छ दशमलव १६ प्रतिशत वैदेशिक अनुदान लिएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# बङ्गलादेशबाट फर्कंदा स्वदेशको सम्झना


स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com


"बङ्गलादेशमा एक पाइलो राख्नुको अर्थ हो, एकैचोटि ढाका पुग्नु र जेलमा बस्नु," कानमा गुन्जिन छोडेको छैन । बिर्सेर पनि भारत र बङ्गलादेशको सिमाना ननाघ्नू भन्ने सुझावलाई निकै सतर्कताका साथ हामीले पालन गरिरहेका छौं । एक किसिमले बङ्गलादेशलाई हेरिरहेका छौं, अनुभूति गरिरहेका छौं तर यतिको धेरै सतर्कताका साथ कि कतै पाइला तेस्रो देशमा नजाओस् ।

सीमामा भारतीय सुरक्षाकर्मीले सोधपूछ गर्छन् । पहिले नै सल्लाह भएको हुन्छ कि हामी नेपाली हौं भनेर भन्ने हो । नेपाली नै भनेका पनि हुन्छौं तर एक ठाउँमा मात्र सोधेर हुँदैन । हाम्रो समाचारहरूको अन्तर्राष्ट्रिय सीमामा निकै भीडभाड हुने गरेको देखेको थिएँ । भारत र नेपालको सिमानामा पनि निकै धेरै चहलपहल भइरहन्छ । बिहानदेखि अबेर साँझसम्म भीडैभीड र ओहोरदोहोर गर्ने प्रस्ताव गर्छन् तर सतर्कता हो कि अलिक डरको मात्रा बढी भएर हो, अरू कसैको पनि सहमति हुँदैन । जहाँसम्म आइपुगेका छौं, यसैमा सन्तुष्ट हुनु उचित हुन्छ । हाम्रो यात्राको मूल उद्देश्य त असमको कामाख्या दर्शन न हो । यहाँ धेरै अलमल गर्नु त्यति उचित हुँदैन ।

अब पाइलो फर्किन शुरू हुन्छ । जुन फलामे ढोका छ, त्यसतिर अब पाइलाहरू अगाडि बढ्छन् । पाइला अगाडि बढ्दै गर्दा मनोजको भनाइ आउँछ– अब हामीले चार देशमा पाइला टेकिसकेका छौं । भन्नुको तात्पर्य हो नेपाल, भारत, भुटान र बङ्गलादेश ।

अनि एकपटक गन्ती शुरू हुन्छ, कति



बङ्गलादेशको सीमामा लेखकलगायत । तस्वीरः प्रतीक

भेषले पनि अलिकति आकर्षित गरेको हुनुपर्छ । हामी पनि अशिक्षित होइनौं । हाम्रो यस पहिचानलाई पनि चिनेको हुनुपर्छ । हामीलाई डुल्न र फोटो खिच्न कुनै किसिमको मनाही हुँदैन । हामी मज्जाले फोटो खिचिरहेका छौं । आफैंमा कुराकानी गरिरहेका छौं । अन्य कोही सुन्ने छैनन् । कोही रोक्ने छैनन् । तर यस्तो पनि अनुभूति हुन्छ कि क्यामराझैं कैयौं आँखाहरूले हामीलाई हेरिरहेका छन् ।

सीमामा अलमल गर्नु कति उचित हुन्छ ? अलमल गर्ने पनि कतिबेर ? कतैबाट कुनै मानिस आएको वा गएको देखिएको छैन । सीमाको दुवैतिर सुनसान छ । कुनै अन्तर्राष्ट्रिय सिमाना यति सुनसान हुन्छ भन्ने सोचाइ नै आउँदैन । कसैले भनेको भएपनि पत्याउन त्यति सजिलो हुन्थेन । विभिन्न चलचित्र वा मानिसको लहरै हुन्छ । सामान किनबेच गर्ने तथा नातेदारकहाँ आवतजावत गर्ने, औषधि र उपचारको लागि यताउति जाने र आउनेहरूको चहलपहल भइरहन्छ तर यस्तो सुनसान भन्सार क्षेत्र त दुर्लभ दर्शन नै हो । यस कुराले पनि अलिक डर मनमा भने उमारेकै छ । फेरि कोही कतैबाट कहाँसम्म जाने वा कहाँबाट कसैले रोक्ने भन्ने देखिएको छैन । बिर्सेर पनि यदि गलती हुन पुग्छ भने अप्ठ्यारो पर्न सक्ला । हामीलाई कुनै लफडामा पर्नु पनि छैन ।

साथीहरू अब फर्किने कुरो गर्न थाल्छन् । जहाँ पुग्नुपर्नेछ, त्यहाँसम्म जानको लागि सम्भव भएसम्म बाटो छोटचाउनु उचित हुन्छ ।

कोही कोही साथी फर्किन थाल्छन् । म र प्रेम सर अलिक ढिलो गर्न खोज्छौं । मनोजले त झन् अलिक भित्रै जाऔं भन्ने प्रदेशमा पुगिसक्यौं भनेर । नेपालका सात प्रदेशमध्ये अधिकांशले पाँचवटा प्रदेशमा पाइला टेकिसकेका छन् । जब नेपालका पाँचवटा प्रदेशको कुरा आउँछ, तब भारतका कतिवटा प्रदेशमा पाइला टेकेको हो भन्ने प्रश्न पनि लगत्तै आइहाल्छ । सम्भव भए आजै अर्को एउटा भारतीय प्रान्तमा पाइला टेक्दैछौं ।

विशाल फलामे ढोकाबाट निस्कँदै गर्दा भारतीय सुरक्षाकर्मीहरू हामीलाई सहानुभूति र उत्सुकताको नजरले हेरिरहेका छन् । कोही बोलबम पनि भनिरहेका छन् । एकजनाले आफू पनि बाबाधाम जाने गरेको बताएर सहानुभूति प्रकट गरेका छन् । नेपालको काठमाडौं र पशुपतिनाथको नाम निकै सुनेको बताउँछन् । आहा, यस्तो लाग्छ कि मेरो आफ्नै कोही नातेदारले आफन्तको खबर

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ (१३)


धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com


**दुःखदायी वृद्धावस्था**

हाम्रो जीवन पद्धतिमा तीन चक्रहरू पर्दछन्–बाल्यकाल, युवावस्था र वृद्धावस्था । यीमध्ये बालक र वृद्धावस्थामा भने मानिस अति कमजोर हुन्छ । यतिसम्म कमजोर हुन्छ कि बाँच्नको लागि अरूको सहयोग र सद्भाव आवश्यक पर्छ । स्नेह आवश्यक पर्छ ।

मानव जीवन चक्रको बाल्यावस्था त यतिसम्म कमजोर हुन्छ कि अरू कसैले बालकको स्यहार नगरिदिने हो भने बालकको मृत्युसम्म हुन्छ । बालक हुर्कनको लागि कसैको सहयोग आवश्यक हुन्छ नै । शिशु वा बालक अवस्थामा मानिस अरूको सहयोगबिना बाँच्न सक्तैन ।

मानव सभ्यता अनुसार बालकको स्याहार गर्ने दायित्व शिशुलाई जन्म दिने आमाबाट पूरा हुन्छ । आमा नभएको स्थितिमा परिवारका अन्य सदस्य वा सामाजिक सङ्घ–संस्थाबाट उक्त दायित्व पूरा हुन्छ । अर्थात् कुनै बालकको स्याहार गरिदिने कुनै व्यक्ति नभएर उक्त बालक मर्ने स्थितिमा पुग्दैन ।

जीवन चक्रको दोस्रो अवस्था–युवावस्थामा, मानिस आफू पूर्णरूपमा सक्षम हुन्छ । उसलाई बाँच्नको लागि अरूको आवश्कता पर्दैन । अरूको सहयोग नभएर पनि मानिस बाँच्न सक्छ, किनभने शारीरिकरूपमा युवा व्यक्ति सक्षम हुन्छ ।

जीवन चक्रको तेस्रो अवस्था–वृद्धावस्था, मानिसको लागि ज्यादै दुःखदायी अवस्था हो । यो अवस्थामा पुगेपछि मानिसको आँखा, कान, दाँत, हातखुट्टालगायत सम्पूर्ण शरीर नै अति कमजोर हुन पुग्छ । वृद्धावस्थामा मानिसलाई बाँच्नका लागि अनिवार्यरूपमा अर्को व्यक्तिको सहयोग चाहिन्छ । बाँच्नका लागि परिवारका सदस्य वा अन्य सहयोगीको सहयोग नभए कुनै पनि वृद्ध व्यक्ति मृत्यु हुने अवस्थामा पुग्छ । वृद्धावस्थामा बाँच्नका लागि, कुनै पनि व्यक्तिलाई, कसै न कसैको सहायता चाहिन्छ नै ।

पूर्वीय सभ्यतामा वृद्ध मातापिता वा अन्यलाई परिवारभित्रै राखेर, परिवारका अन्य सक्षम सदस्यहरूको हेरचाहमा, सहयोग गर्ने चलन छ । हुनत आजभोलि दक्षिण एशिया र खासगरी नेपाल, भारततिर वृद्ध मातापितालाई हेर्ने सन्तानहरूको सङ्ख्या कम हुन थालेको छ । तर पनि वृद्ध मातापितालाई सन्तानहरूले हेर्नुपर्छ, उनीहरूको स्यहार गर्नुपर्छ, बाँच्न सहयोग गर्नुपर्छ भन्ने संस्कार बलियो छ । त्यो बलियो संस्कार वा चलनले गर्दा सन्तानहरू वृद्ध मातापिताको हेरचाह गर्न बाध्य छन् ।

अमेरिकी जीवन पद्धति अनुसार भने वृद्ध मातापितालाई उनका सन्तानले हेरचाह गर्ने चलन छैन । जुन बेला वृद्ध मातापितालाई सन्तानको सहयोग र स्नेहको आवश्यकता हुन्छ, त्यही बेला सन्तानले हेरचाह नगर्ने र वृद्ध मातापिता पनि सन्तानसँग बस्न नखोजेको देखिन्छ । मानव जीवन चक्रको आवश्यकता अनुरूप जुन बेला मातापितालाई सन्तानको स्नेह र सहयोग चाहिन्छ त्यही बेला उनीहरूसँग छुट्टिएर बस्नु, हामी बाहिरबाट आएका एशियालीहरूले हेर्दा अनौठो लाग्छ । र यथार्थमा अमेरिकी जीवन पद्धतिको यो अनौठो र दुःखदायी स्थिति हो ।

वृद्ध मातापिता आफ्नो सन्तानसँग, एउटै परिवार भएर नबस्नु वा सन्तानले मातापितालाई परिवारमा राखेर हेरचाह नगर्नु अमेरिकी जीवन पद्धतिको एक दुःखद पाटो हो, वृद्ध मातापिताले स्वतन्त्रतापूर्वक बाँच्न सन्तानसँग नबसेको भने तापनि । जीवन चक्रको तेस्रो अवस्था–वृद्धावस्थाले, सन्तानको प्रत्यक्ष हेरचाह र स्नेहको माग गर्दछ । सन्तान साथ रहून् भन्ने माग गर्दछ ।

# "जाड लागता, हम ना नाहाएम हो दादा"


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


**चराचुरुङ्गीहरूको चिरबिरसँगै बिस्तारै उज्यालो हुन थालेको थियो । बिहानको दश बजिसक्दा पनि भर्खर बिहान भए जस्तै मौसम थियो । बाक्लो कुहिरो लागेकोले सूर्यको प्रकाश ओझेल थियो । छोराले ओछ्यानमा सधैंझैं "माई आँख से नइखे लउकत" भन्दै कराइरहेको थियो ।**

"माई रे, धुन घेरले बा, बडी जाड लागता, हम ना नाहाएम, हो दादा ।" भुइँ खुट्टा बजार्दै बालक कराइरहेको थियो । आमा भने छोरालाई पछ्याइरहेकी थिइन् । बच्चाको क्रन्दन, भूकम्पको परकम्पभन्दा कम थिएन । उसको क्रन्दन छरछिमेकसम्म प्रतिध्वनित भइरहेको थियो । आमाको मुखबाट नुहाउनैपर्ने कुरा सुनेपछि त्रसित बालक मानौं धर्ती नै हल्लाइदिने गरी कराइरहेको थियो । ठूलो आवाजमा रुनुबाहेक ऊसँग छुटकारा पाउने विकल्प थिएन । ठूलो स्वरमा क्रन्दन गरेर आमालाई रिझाए नुहाउनबाट बच्न सकिन्छ भन्ने कुरा बालमस्तिष्कमा अङ्कुरित हुनु अस्वाभाविक थिएन ।

उसले रोदन–क्रन्दनसँगै आँखा मिचेर आँसु चुहाउने प्रयत्न पनि कम गरेन । बालकहरूले मोतीरूपी आँसु चुहाएर आमालाई रिझाउनु सबभन्दा सरल उपाय ठान्छन् । यद्यपि जति प्रयत्न गरे तापनि बनावटी रुवाइले आँखामा आँसु प्रकट हुने कुरै भएन । छोराको नाटक हेरेर मनमनै हाँसिरहेकी आमालाई जबरजस्ती गरे बालमनोविज्ञान झन् उत्तेजित हुने कुरा थाहा थियो । त्यस कारण उनी बच्चालाई सक्दो फकाउने प्रयत्न गर्दै थिइन् ।

काखमा राखेर कपडा फुकाल्न लागेको बेला छोरो उम्कन सफल भयो । केही पर गएर हातखुट्टा चलाउँदै ननुहाउने विलाप गरिरह्यो । बच्चाको विलापको असर आमाको हृदयमा परिरहेको थिएन भन्ने होइन । यद्यपि सधैं बच्चाको भलो देख्ने आमा त केवल असर नपरेझैं अभिनय गर्न बाध्य थिइन् । किनभने छठपछि छोराले नुहाएकै थिएन । जुम्राले कपाल र कपडा भरिएको थियो । परजीवीहरूको टोकाइले ऊ टाउको र जीउ कन्याइरहन्थ्यो । दुर्गन्धले उसको शरीर भरिएको थियो । आज जसरी पनि नुहाइदिने अडानमा आमा थिइन् । आमा समात्ने र छोरो माछाजस्तो फुत्कने क्रम चलिरहेको थियो ।

आमाले एक बाल्टी पानी तताएर नुहाउने ठाउँमा राखिसकेकी थिइन् । घरको भित्तामा अडेस लागेको बालक रातो आँखा पारेर पानीलाई शत्रुझैं हेरिरहेको थियो । गाउँघरमा प्रायः जादूको खेल हेरिरहने उसले 'जादू सिकेको भए आज पानी गायब पारिदिने उसको सोच थियो'– शायद बाल मस्तिष्कमा यतिबेला यहीं कुरा खेलिरहेको थियो । जाडोयाममा पानीसँग ऊ तर्सेको मात्र थिएन, अपितु असाध्यै रिसाएको पनि थियो ।

छिमेकी बूढी आमाले बच्चाप्रति माया दर्शाउँदै आमासँग भनिन्– "काहे लइका के परेशान कइले बाडु हो, पतोह । आज छोड द बडा ठण्ठा बा, मत नहवाव लइका के ।" त्यति बेलै एकजना वयस्क त्यहाँ आइपुगे । उनले बच्चातर्फ हेरेर उसकी आमालाई इङ्गित गर्दै भने–"हो भौजी, कल पर काहे नहवावतारू ? रह हम एकरा के पकड के ले जातानी पोखरा में नहवावे ।" र ठहाका लगाउँदै हाँस्न थाले । यो कुरा सुनेपछि बच्चा जोडजोडले रुँदै र कराउँदै भन्यो, "बुझाता ताहरा बिखिन–बिखिन के गारी सुने के मन बा ।" त्यसपछि 'उँउँ' गर्दै उच्च आवाजमा रुन–कराउन थाल्यो ।

जो आउँथ्यो, कोही पोखरीमा, कोही खोलामा त कोही इनारमा नुहाइदिन भन्दै बच्चालाई जिस्काउँथ्यो । बाल मस्तिष्कलाई उनीहरूको कुरा साँचो लाग्थ्यो र ऊ धर्तीमा खुट्टा ठोक्दै पुनः रुन–कराउन थाल्थ्यो । आमाले भनिन्–"मत रोव हमर बाच्चा, नहाएला पानी गरम कर देले बानी ।" आमाले पानी तातो गर्नुभन्दा अघि 'पगाड' (सुकेको उखुको पात) को प्रबन्ध गरिसकेकी थिइन् । घुर बाल्ने स्थान देखाउँदै आमाले स्नेहपूर्वक छोरासँग भनिन्–"आव हमर बाबु, नाहाल, नहालेब नु तब हई पगाड के आगी बारदेम, ताप लिह । जाड भाग जाई ।"

बच्चाले पुनः ननुहाउने कुरा चिच्याई–कराई भन्न थाल्यो । बच्चालाई तब झट्का लाग्यो, जब पछाडिबाट एक वयस्कले उसलाई समाते । बच्चाले हातखुट्टा चलाउँदै छोडाउने प्रयत्न गरिइरह्यो । तर वयस्कको पञ्जाबाट फुत्कने उसको प्रयास सफल हुने कुरै थिएन ।

अहिले ऊ पुनः आमाको काखमा थियो । आमाले बच्चाको शिर सुम्सुम्याउँन थालिन् । उनले छोराको गालामा म्वाइँ खाँदै भनिन्–"नाहाल हमर बाबु, देख त तहर देह केतना फुहर भइल बा । केतना मइल बैठल बा, महकता । मुडी में ढील आ कपडा में केतना चिलर परल बाडसन ।" धेरैबेरदेखि चीसो सहन गरिरहेको बच्चा आमाको काखमा न्यानो पाएसँगै सुस्त हुन थाल्यो । कारुणिक स्वरमा बच्चाले भन्यो–"माई, मत नहवाव ना, हम ना नाहाएम ।" बच्चाको अनुनय आमाको मुटु नछुने कुरै थिएन । उनी भावविह्वल भइन् । नुहाउने वा ननुहाउनेबारे उनी द्विविधामा परिन् ।

आमाको मनमा उत्पन्न क्षणिक कठोरपन अन्ततः करुणाको सागरमा विलीन हुन बेर लागेन । बच्चासँग आमाहरूको अकाटच स्नेह मात्र हुँदैन, अपितु बच्चाको हरेक दुःखसुखसँग तारतम्य अतुलनीय हुन्छ । आमाले छोरासँग भनिन्–"बिहान नहा लिह हमर बाबु, ठीक बा नु ?" निद्राको झपकी लिइरहेको बच्चाको घरी आँखा खुल्ने र घरी झचाप्प हुने क्रम चलिरहेको थियो । यद्यपि उसले शिर हल्लाउँदै–"होइ माई" सङ्केत गऱ्यो र निद्रामग्न भयो । आमाले छोरालाई परालको ओछ्यानमा सुताएर गुदरा ओढाइदिइन् ।

साँझ परिसकेको थियो । आमा भान्साको कामकाजमा व्यस्त भइन् । घरपरिवारले रातिको खाना खाए । उता वयस्कजन घुर ताप्दै गफगाफ गर्न लागे । रातिको नौ बज्यो । आमाले छोरालाई उठाउन थालिन्–"उठ हमर बाबु, खाना खा ल ।" बच्चा बिउँझियो । यताउति हेर्न थाल्यो । जाडोयामको कुहिरोमय उज्यालोमा दिउँसो निदाएको ऊ दियोको मधुर प्रकाश देखेर बिहानको हो कि राति, ठम्याउन सकेन । आँखा मिच्दै उसले आमासँग प्रश्न गऱ्यो–"माई, बिहान हो गइल का ?" आमाले मुटुमा टाँसेर भनिन्–"ना हमर लाल, भल त रात भइल ह ।" आमाले बच्चाको आँखा सफा गरिन् र त्यसपछि खाना खुवाइदिइन् ।

पुस महीनाको चीसो रातमा केवल स्याल, कुकुर र झिंगुरको आवाज गुञ्जायमान थियो । सरेहमा स्यालहरूको 'हुँवा–हुँवा'को गुञ्ज उठेसँगै गाउँमा कुकुरहरूको 'भौं–भौं' शुरू हुन्थ्यो । यसरी स्याल र कुकुरबीच पौंठेजोरी चलिरहेको थियो । मस्त निद्रामा सुतिरहेका बालकको बुबाले मध्यरातमा अचानक कराउँदै भने–"जियान कर देखल ।" पतिको आवाजबाट बिउँझेकी पत्नीले हाई गर्दै प्रतिप्रश्न गरिन्–"का भइल ह ?" पतिले भने–"का भइल ह पुछतारु ? हेतना महकता त नइखे बुझात का ? तोहर लाल, बिछौना पर हगमुत के किचाहिन कर देलख ।"

"उहुँउहुँ...छिया रे छिया !" गर्दै पति पुनः कराउँदै भने, "लाइट (टर्च) ना बार हो, देह–हाथ सब भिंज गइल ।" नाक थिंचेर "बाँप रे बाँप" भन्दै पति चापाकलतर्फ लागे । निद्रामा अचेत बालकलाई बुबाको क्रन्दनसँग मतलब हुने कुरै भएन । ऊ त घोडा बेचेर सुतेझैं मस्त निद्रामा थियो । आमाले लालटिनको प्रकाशमा छोराको मलमूत्र सफा गरिन् । त्यसपछि ओछ्यानबाट भिंजेको गुदरा हटाएर अर्को गुदरा परिवर्तन गरिदिइन् । बच्चालाई काखमा लिएर ओछ्यानमा पल्टेकी उनी कतिखेर निदाइन् पत्तै भएन ।

चराचुरुङ्गीहरूको चिरबिरसँगै बिस्तारै उज्यालो हुन थालेको थियो । बिहानको दश बजिसक्दा पनि भर्खर बिहान भए जस्तै मौसम थियो । बाक्लो कुहिरो लागेकोले सूर्यको प्रकाश ओझेल थियो । छोराले ओछ्यानमा सधैंझैं "माई आँख से नइखे लउकत" भन्दै कराइरहेको थियो । उसको आँखा चिप्राले टाँसिसकेको थियो । आज पनि आमाले तातो पानीले छोराको आँखा सफा गरिदिइन् ।

बिहानको झन्डै एघार बजेपछि सूर्यको मधूरो प्रकाश दृश्यमान भयो । आमाले पानी तातो गरिन् । छोरालाई स्नान गराइरहँदा बाख्रीको 'मेंमें' गुञ्जित भयो । बालक र बाख्रीको आँखा जुध्यो । बालकलाई बाख्रीले आफूलाई जिस्काइरहेको भान पऱ्यो । छोराले आमासँग गुनासो गर्दै भन्यो–"माई ! हमर नाहाइल देख के बकरिया चिंडावतिया ।" आमाले बाख्रीतर्फ हेर्दै भनिन्–"चिंडावतिया ? रह आजु बकरी के ठण्डा पानी से नहाव देतानी"–आमाले बच्चालाई सान्त्वना दिंदै भनिन् । बाल मन औधी खुशी भयो ।


छोराले हिजो जस्तै आज हर्कत गरिरहेको थिएन । छोरालाई आमाले तातो पानीले नुहाइदिइन् । कपडा, स्वेटर पहिऱ्याएर शिरमा गाँती बाँधिदिइन् । त्यसपछि कपालमा तोरीको तेल र आँखामा काजल लगाइदिइन् । मुस्कुराउँदै आमाले "हे भगवान् र हमर लाल, हमर राजा के केहु के नजर ना लागो" भन्दै म्वाइँ खाइन् । बच्चा द्वारमा खेल्न थाल्यो । छोरालाई हेर्दै आज आमा निकै हर्षित थिइन् ।

# द्रोण पर्व–१०६



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

तिम्रै हित गर्नको लागि इन्द्रले छल गरी उसलाई कवच र कुण्डलहीन गरिदिए । त्यसैको साटोमा इन्द्रले कर्णलाई त्यो अमोघ शक्ति प्रदान गरेका थिए । त्यसपछि कर्ण सदैव तिमीलाई मरेकै ठान्थ्यो। आज यद्यपि उसका यी सम्पूर्ण वस्तु ऊसित छैन तैपनि तिमीबाहेक अन्य कसैले पनि कर्णलाई मार्न सक्दैन। कर्ण ब्राह्मणभक्त, सत्यवादी, तपस्वी, व्रतधारी र शत्रुहरूमाथि दया गर्ने खालका योद्धा हुन्। सम्पूर्ण देउताले चारैतिरबाट कर्णमाथि बाणहरूको वर्षा गरून् र दैत्यहरूले उनीमाथि काँचो मासु र रगत फालेर पनि उनलाई जित्न सक्दैनन् । कवच, कुण्डलर इन्द्रले दिएको शक्तिबाट वञ्चित भएपछि आज कर्ण साधारण मनुष्यझैं भइसकेका छन्, तैपनि उनलाई मार्ने एउटै उपाय छ । उनको कुनै कमजोरी देखिए, उनी असावधान भए र रथको पाङ्ग्रा माटोमा गाडिएको बेला उनी सङ्कटमा परेको भए, यस्तो समयमा मेरो सङ्केत अनुसार सावधानीको साथ उनलाई मारिदिनु । तिम्रो हितको लागि नै मैले जरासन्ध–शिशुपाल आदिलाई एक/एक गरी मार्न लगाएको छु तथा हिडिम्ब, किर्मीर, बक, अलायुध आदि राक्षसहरूलाई पनि मैले नै मार्न लगाएको हुँ । जरासन्ध र शिशुपाल पहिले नै नमारिएको भए यतिबेला भयङ्कर सिद्ध हुन्थे । दुर्योधन आफ्नो सहायता गर्नको लागि उनीहरूसित अवश्य नै प्रार्थना गर्ने थिए र उनीहरू हामीसित सदैव द्वेष गर्ने भएको हुनाले उनीहरूले कौरवहरूको अवश्य नै पक्ष लिने थिए । दुर्योधनको सहायता पाएर उनीहरूले सम्पूर्ण पृथ्वीलाई पनि जित्ने थिए । जुन उपायद्वारा मैले उनीहरूलाई नष्ट गरे, त्यसबारे सुन– युद्धमा रोहिणीनन्दन बलदेवजीले जरासन्धको तिरस्कार गरे । यसबाट क्रोधित भएर उसले हामीहरूलाई मार्नको लागि सर्वसंहारिणी गदाको प्रहार गऱ्यो । त्यस गदालाई आफूतिर आइरहेको हेरेर दाइ बलरामले त्यसको नाश गर्नको लागि स्थूणाकर्ण नामक अस्त्रको प्रयोग गरे। त्यस अस्त्रको वेगबाट प्रतिहत भएर त्यो गदा पृथ्वीमाथि झऱ्यो । झर्दैमा पृथ्वीमा चिरा पऱ्यो र धर्ती काम्यो। जुन स्थानमा गदा झरेको



थियो, त्यहाँ जरा नाम गरेकी एउटी भयङ्कर राक्षसी बस्दथिई । गदाको आघातबाट ती राक्षसी र उसका पुत्र बान्धवसहित मारिए।

जरासन्ध बेग्लाबेग्लै दुई टुक्रामा जन्मेको थियो, ती टुक्राहरूलाई यिनै जरा नाम भएकी राक्षसीले जोडेर जीवित पारेकी थिई, त्यसैले उसको नाम जरासन्ध परेको थियो। उसका दुई मात्र महान् सहारा थिए– गदा र जरा। यी दुवैबाट हीन भएको हुनाले नै भीमसेनले तिम्रोसामुमैं उसको वध गर्न सकेका थिए। यसै प्रकार तिम्रो हित गर्नको लागि नै एकलव्यबाट उसको बूढी औंला अलग पारेको थिएँ । चेदिराज शिशुपाललाई तिम्रोसामु नै आफ्नो हातबाट नै मारिदिएको थिएँ। उसलाई पनि देउता तथा असुरले सङ्ग्राममा मार्न सक्दैनथे। उसको तथा अन्य देवद्रोहीहरूको नाश गर्नको लागि नै मेरो अवतार भएको थियो। हिडिम्बासुर, किर्मीर र बक यी रावणकै समान बली र ब्राह्मण र यज्ञसित द्वेष राख्ने खालका थिए । लोककल्याणको लागि नै यिनीहरूलाई भीमसेनको हातबाट मार्न लगाएको थिएँ। यसै प्रकारले घटोत्कचको हातबाट अलायुधको नाश गराएँ र कर्णको हातबाट शक्ति प्रहार गर्न लगाएर घटोत्कचको पनि जीवन समाप्त गरें। यस महासमरमा यदि कर्णको हातबाट घटोत्कच नमरेको भए मैले उसको वध गर्नुपर्ने थियो। घटोत्कचबाट मैले तिमीहरूको कार्य गराउनु थियो, त्यसैले मैले पहिले नै घटोत्कचको वध गर्नुपरेन। घटोत्कच ब्राह्मणहरूको द्वेषी र यज्ञहरूको नाश गर्ने खालको थियो । यो पापात्माले धर्मको लोप गरिरहेको थियो, त्यसैले उसको यस प्रकारले नाश गराउनुपऱ्यो। जो धर्मको लाज गर्ने खालका छन्, ती जम्मै मेरा वध्य हुन्। मैले धर्म स्थापनाको लागि प्रतिज्ञा लिएको छु। जहाँ वेद, धर्म, सत्य, दम, पवित्रता, लज्जा, श्री, धैर्य र क्षमाको वास हुन्छ, त्यहाँ सदैव म क्रीडा गरिरहन्छु। अब तिमीले कर्णको नाश गर्ने विषयमा विषाद गर्नुपर्नेछैन । मैले त्यो उपाय बताउनेछु, जसबाट तिमीले कर्ण र भीमसेनले दुर्योधनलाई मार्न सक्नेछन्। यतिबेला त अर्कोतिर ध्यान गर्नुपर्ने आवश्यकता छ। तिम्रो सेना चारैतिर भागिरहेको छ र कौरवसेनाहरूले उधिनिउधिनी मारिरहेका छन्।

धृतराष्ट्रले सोधे– सञ्जय, यदि कर्णको शक्ति एउटै वीरलाई मारेर निष्फल हुने खालको थियो भने कर्णले सबैलाई छाडेर अर्जुनमाथि नै प्रहार किन गरेन ? अर्जुन मारिएपछि त समस्त पाण्डव र सृञ्जय आफसेआफ नष्ट भइहाल्थे। यदि भन्छौ कि अर्जुन सूतपुत्रसित लडाइँ गर्न आएनन् भने कर्ण स्वयंले उसलाई खोज्नुपर्दथ्यो । अर्जुनको त यो प्रतिज्ञा छ कि युद्धमा कसैले हाँक दिन्छ भने उसको पाइला कहिले पनि पछि सर्दैन। क्रमशः...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

प्रत्येक आत्मामा अक्षुण बल छ । प्रत्येक मनुष्य आत्माको ऊर्जा कहिल्यै नसकिने र नरोकिने छ। यो आत्माको ऊर्जालाई सदुपयोग गर्ने हो भने मानिसले यो मानवजीवनमा धेरै प्रगति गर्न सक्छ। उसले आफ्नो मात्र हैन अरूको जीवन पनि धन्य गर्न सक्छ । उसले धेरै सिर्जनात्मक कार्य सम्पन्न गर्न सक्छ । प्रत्येक आत्माका अलग–अलग विशेषताहरू हुन्छन्। स्वभाव पनि अलग–अलग हुन्छ। अलग–अलग सिर्जनात्मकता हुन्छ। सबैका लागि एउटै मार्ग निर्धारित गर्न सकिंदैन । कसैलाई पनि अर्को मानिसले पूरा पूरा जान्न पनि सक्दैन। कसैको बारेमा अर्को मानिसले दिएको राय पूर्ण सत्य हुन सक्दैन, पूर्णरूपमा लागू गर्न योग्य हुँदैन । यसैगरी, आफ्नोलागि पूर्ण ज्ञान बाहिर कहींबाट पाउन सकिंदैन । त्यो त आफैंभित्र खोज्नुपर्दछ । आफैंभित्रको ज्ञानले मात्र आत्मा साक्षात्कार गर्न सकिन्छ।

गुरुकुलमा गुरुले धेरै चेलालाई एकै किसिमको शिक्षा दिए पनि शिक्षा पूरा भएपछि चेलाहरू एकै किसिमका हुँदैनन्। उनीहरू सबैको काम गर्ने, सोच्ने तथा सिर्जना गर्ने तरीका अलग–अलग हुन्छ। कुनै दुईजनाको चित्तवृत्ति एकै किसिमको हुँदैन । बाहिरबाट जतिसुकै ज्ञान लिए पनि आत्मशक्तिको ज्ञान प्राप्त गर्न जरुरी छ । तपाईंको आत्मशक्तिले तपाईंलाई अर्कैतिर प्रवाह गरिरहेको छ र तपाईं अरूले भनेको भरमा अर्कैतिर जाने प्रयास गरिरहनुभएको छ भने तपाईंको के स्थिति होला ? तपाईं आफैं बुझ्न सक्नुहुनेछ । पूर्णरूपमा अरूको भरोसामा नपर्नुस् । हावाको प्रवाहले उडाएर लान आटेको सुकेको पातले बल गरेर अर्कोतिर उड्न खोजे जस्तै तपाईंको स्थिति हुनेछ । आफूलाई ऊर्जाले डोऱ्याएको बाटोमा बहन दिनोस्। आफूलाई भरोसा गर्नुस्। अरूको कुरा सधैं गलत हुन्छ भनेको पनि हैन। ती कुराहरू सत्य पनि हुन सक्छन् । मूल्यवान् पनि हुन सक्छन् । तपाईंको लागि उपयोगी पनि हुन सक्छन् तर त्यसमा एउटा अधूरोपन बाँकी नै रहन्छ। यसको मतलब तपाईं संसारभरिका कुनै पनि मान्छेको कुनै पनि कुरा नसुन्नुस्, सुन्नै छाडिदिनोस् भनेको पनि हैन। तपाईं कसको कसको कुरा सुन्न मन पराउनुहुन्छ ? कसको कसको कुराले तपाईंलाई प्रभावित पार्छ ? यी सबै कुरा तपाईंमैं भर पर्छ। यहाँ यो भन्नुको मतलब तपाईं बाहिरबाट तपाईंले जति ज्ञान आर्जित गरे पनि जबसम्म आफ्नो आत्मशक्तिको ज्ञान गर्नुहुन्न, तबसम्म तपाईंको आर्जन वा प्राप्ति अधूरै रहन्छ।

प्रत्येक मानिस ऊर्जाको भण्डार हो। मानिसभित्र अपरिमित ऊर्जा छ, जसमा लगातार प्रवाहित हुने प्रवृत्ति छ, जसलाई रोक्न असम्भव छ। यदि यसलाई तपाईंले सही मार्ग दिन सक्नुभएन भने या त यो कुण्ठित भएर तपाईंलाई मानसिक रुग्ण अवस्थामा पुऱ्याउनेछ या विध्वंसात्मक प्रवृत्तितर्फ उन्मुख गराउनेछ । यदि यसलाई सहीरूपमा प्रयोग गर्नुभयो भने यो सिर्जनात्मक हुनेछ। ऊर्जाले सधैंभरि सिर्जना गर्न चाहन्छ तर जब सिर्जना गर्ने अवसर पाउँदैन, तब यो विध्वंसतातर्फ बहन थाल्छ। धेरै मानिस यस्ता हुन्छन्, जसभित्र रहेको ऊर्जाको वेग धेरै प्रबल हुन्छ। त्यो ऊर्जाले केही यस्तो सिर्जनात्मक कार्य गर्न चाहन्छ, जसलाई सारा विश्वले जानोस्। त्यो ऊर्जाको सही उपयोग भयो भने यस संसारको लागि त्यो ऊर्जाबाट धेरै सुन्दर कार्य हुन सक्छ र यदि यसको सही उपयोग हुन पाएन भने त्यो मानिस या त पागल हुन पुग्छ, या त आतङ्ककारी हुन पुग्छ।

कुन मानिसभित्र कति ऊर्जा छ, उसले त्यो ऊर्जाले के गर्न चाहन्छ, कस्तो प्रकारले त्यसलाई सही दिसा दिन सकिन्छ, यसको बारेमा स्वयम् त्यही मानिसलाई जति बोध हुन्छ, त्यति अरूलाई हुँदैन । यसबारेमा हामी जति अरूमाथि निर्भर हुनेछौं, त्यति नै धेरै गलत बाटोतर्फ जाने सम्भावना प्रबल हुन्छ । अर्को मानिस जतिसुकै विद्वान् भएपनि, अनुभवी भएपनि उसले अरूको अन्तरभावनाको बोध गर्न सक्दैन । यो यात्रा जुन मानिसको हो, उसैले गर्नुपर्नेछ। अर्को मानिसले तपाईंलाई झक्झक्याएर बिउँझाउन सक्छ तर तपाईंलाई एकदम सही मार्ग बताउन भने सक्दैन । जस जसले यो कुरा बुझ्नेछन्, उनीहरू कसैको पछि लागेर हिंड्ने छैनन् । उनीहरूले आफ्नो आत्माको आवाज आफैं सुन्नेछन् र त्यो पनि एकदम ध्यानले सुन्नेछन् । उनीहरू अरूको कुरामा लागेर डरै डरको भुमरीमा पर्ने छैनन्। आफ्नो आत्माको आवाजलाई दबाउने छैनन् । आफ्नो आत्मविश्वास कमजोर हुन दिने छैनन्। उनीहरूले आँखा बन्द गरेर कसैको नक्कल गर्ने छैनन्। उनीहरूले जोश अनि जाँगरले प्रेरित भएर अलग्गै तरीकाले कार्य गर्नेछन् । सिर्जना गर्नेहरू सबैको आआफ्नो अलग–अलग तरीका हुन्छ । उनीहरूले आफ्नै तरीकाले आफ्नो आत्माको कल्याण गर्नेछन्।

मानव जीवन जीवन पूर्णताको लागि भएको हो। कुनै पनि जीवात्माले मानव शरीर पाउनु धेरै मूल्यवान् उपलब्धि हो। यो मानव शरीर भगवान्को एउटा पवित्र र विलक्षण रचना हो। यो शरीर आनन्दप्राप्तिको अपूर्व साधन हो।

क्रमशः

# मांसपेशी : बनावट र कार्य

वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com



**मांसपेशी बनाउन प्रोटिन खानु निकै आवश्यक छ। प्रोटिनले हार्मोन र इम्युनसेल पनि बनाउँछ। तर मांसपेशी बन्नु केवल प्रोटिनमा निर्भर हुँदैन। व्यायाम गरिएन भने खाएको खेर जान्छ। व्यायामले नै नयाँनयाँ मांसपेशीको निर्माण भइरहन्छ।**


मासुमाछासँग को परिचित छैन होला ? चोकचोकमा मासुपसल पाइन्छ। किन्न र खान तँछाड–मछाड हुन्छ। मासु स्वादिष्ट त हुन्छ नै, यसमा पाइने प्रोटिन प्रथम श्रेणीको मात्र हुँदैन, शरीरले बनाउन नसक्ने सबै अनिवार्य एमिनोएसीड पनि पाइन्छ । कुनै पनि जनावरले आफ्नो खाना बनाउन सक्दैन, पचाउन मात्र सक्छ। त्यसैले मानिस वा जनावर बोटबिरुवा र अन्य जनावरमाथि निर्भर हुन्छन्। हाम्रो शरीरमा केही प्रक्रिया छ, जसले बोटबिरुवाबाट प्राप्त तत्त्वबाट आफ्नो लागि मांस, मज्जा, हाड, रगत सबै बनाउँछ। यसरी अन्य जनावरलाई मारेर हामी तयार खाना प्राप्त गर्छौं।

रूख, बिरुवा माटो, पानी र सूर्यबाट खाना बनाउँछन् । यस अर्थमा मानिस रूख–बिरुवाभन्दा धेरै पछाडि छ । आजभोलि प्रयोगशालामा कृत्रिम मासु बन्न थालेको समाचार छ । खैर मेरो यस लेखको उद्देश्य त्यस्तो मासुको विवेचन गर्नु होइन, वरन् मांसपेशीको रचना, बनावट, सजावट र क्रियाविज्ञान वर्णन गर्नु हो।

कुनै पनि, हाडसँग टाँसिएको मांसपेशीमा निम्नलिखित तत्त्व पाइन्छ : पानी ७५ प्रतिशत र ठोस २५ प्रतिशत। ठोसमा अरू सरह अर्गेनिक र इनअर्गेनिक पदार्थ हुन्छ। अर्गेनिकमा : प्रोटिन कित्तामा मायोसिन, एक्टिन, ट्रोपोमाइसिन, एक्टिनिन, डेस्मिन, नेबुलिन, टाइटिन र मायोग्लोबिन; कार्बोहाइड्रेटमा : ग्लाइकोजेन र हेक्सोफस्फेट; लिपिडमा : न्युट्रल फैट, कोलेस्टरोल, लेसिथिन र स्टेरोवायड र नाइट्रोजीनस तत्त्वमा : एटिपी, एडिनिलिइक एसिड, कैमोसिन र कार्मिटिन्युरिया, क्रिएटिन र फस्फोक्रिएटिन, युरिया र युरिकएसिड तथा जैन्थिन र हाइपोजैन्थिन हुन्छन्। त्यस्तै नै इनअर्गेनिक तत्त्वमा : पोटिसियम, सोडियम, कैल्सियम, मैग्नेसियम, क्लोराइड, फस्फेट, सल्फेट हुन्छ। मासुको रातो रङ्ग यसमा उपस्थित मायोग्लोबिनले गर्दा हुन्छ। चराको मासुमा यो मायोग्लोबिन कम हुन्छ, त्यस कारण त्यसलाई ह्वाइट–मिट भनिन्छ । रेड मिटभन्दा ह्वाइटमा बोसो र कोलेस्टरोल कम हुन्छ र यस कारण रेड मिटभन्दा यो राम्रो मानिन्छ । पोटाशियम चाहिं मासुको मुख्य मिनरल हो।

हाडमा मासु र छाला थपियो भने मात्र हाम्रो पहिचान निश्चित हुन्छ । मांसपेशी हाडसँग यति बलियोगरी टाँसियेको हुन्छ कि शरीरका सारा गतिविधि जसरी हिंड्नु, रोकिनु, दगुर्नु हाँस्नु, रुनु, उदास हुनु, सामान उठाउनु, ढुवानी गर्नु, आदि सबै मासु र हाडको समन्वयले मात्र सम्भव छ । यसको अलावा मासु भएन भने श्वास लिन, मुटु धड्कनु र खाना पच्नु असम्भव हुन्छ।

नाङ्गो आँखाले हेर्दा मासु २–३ सेमि देखि ६०० सेमिसम्म लामो हुन्छ। हाम्रो शरीरमा ६०० मांसपेशी छ जसको नाम हाडमा जोडिए अनुसार र अन्य तरीकाले पनि गरिन्छ। सबैको नाम उल्लेख गर्न यहाँ जरूरी छैन र फाइदा पनि छैन। यति मात्र बुझ्ने पुग्छ कि सबैभन्दा लामो मांसपेशी सार्टोरियस हो जो तिघ्रामा पाइन्छ। यसलाई हनिमुन मांसपेशी पनि भनिन्छ किनभने तिघ्रा फैलाउने र खुम्च्याउने पेशी यही हो। सबैभन्दा बलियो हो, मैसेटर जुन बङ्गारामा पाइन्छ। यसले ५५ पौंड फोर्स इनसाइजर र २०० पौंड फोर्स मोलर टिथ साइडमा लगाउन सक्छ। महिलामा सबैभन्दा बलियो मांसपेशी हो, गर्भाशय– जसले बच्चा जन्मिंदा ७ केजीको फोर्स लगाउन सक्छ। तर मुटुको मांसपेशी पनि कम छैन किनभने मुटु दिनहुँ एक लाखचोटि सम्म धड्केर ३६०० गैलन रगत ७५००० माइल लामो रगत नलीमा पुऱ्याउँछ। यस अर्थमा मुटुको स्थान पहिलो हो। सबैभन्दा सानो स्टेपेडियस हो जुन कानमा पाइन्छ। त्यस्तै, हाँस्ने पेशी हो जाइगोमेटिकस मेजर तथा रुने र उदास गराउने पेशी हो कोरुगेटर र डिप्रेसर एंगुलाई, डराउने र होरर मांशपेशी हो फ्रोन्टलिस र मेन्टलिस।




सबैभन्दा तेज आँखाको पेशी आर्बिकुलरीस ओकुलाई नामक मांसपेशी हो। पाखुरामा जुन सुई दिइन्छ, त्यो ढेल्टवायड तथा फिलोमा ग्लुटियस मैक्सिमस नामक मांसपेशीमा दिइन्छ । हामी पाखुरा फुलाएर जुन शेखी बघाछौं त्यसको नाम बाइसेप्स मांसपेशी हो । महिलाको ब्रेस्ट पेक्टोरलिस नामक मांसपेशीमाथि स्थित हुन्छ।

मांसपेशी तीन प्रकारको हुन्छ : १. स्केलेटल–हाडसँग टाँसिएर विभिन्न प्रकारको काम, जस्तै हिंड्नु र हातले गर्ने काम गरिन्छ । यसलाई स्ट्रिप्ड, स्ट्रायेटेड वा भोलन्टरी मांशपेशी पनि भनिन्छ। स्ट्रिप्ड मतलब कमीजमा देखिने लामालामा धारी, स्ट्राएटेडको मतलब ग्रुभ जस्तो हुनु हो। भोलन्टरीको मतलब हामी जे चाहन्छौं त्यही काम सम्बन्धित मांसपेशीबाट लिन सक्छौं । २. स्मुथ : यो स्ट्रिप्ड हुँदैन, त्यसकारण यसलाई स्मुथ मांसपेशी भनिन्छ । यो आन्द्रा, मूत्रप्रणाली, रक्तनलिका आदिमा हुन्छ। यसको एकपछि अर्को सङ्कुचन र फैलावले खाना आदि अगाडि बढ्छ । स्केलेटल र यी दुवै मांसपेशी धेरै काम गरेपछि थाक्छ । तर ३. कार्डियेक मांशपेशी कहिल्यै थाक्दैन । यो मुटुको भित्तामा पाइन्छ । यसका स्ट्रिप वा स्ट्रायेशन धेरै कमजोर अथवा फीका हुन्छ। यो पनि हाम्रो कन्ट्रोलमा नभएर स्वचालित हुन्छ।

प्रत्येक स्केलेटल मांसपेशीका दुईटा मुख हुन्छ : एउटालाई ओरिजिन र अर्कोलाई इन्सर्सन भनिन्छ। ओरिजिन एउटा बोनमा र इन्सर्सन अर्को बोनमा हुन्छ । ओरिजिन हुने बोन एक्शनको बेला स्थिर रहन्छ र इन्सर्सन भएको बोन एक्शनमा आउँछ । जसरी हामी खुट्टा खुम्चाउँछौं तब पेल्भिक बोनबाट ओरिजिन मांशपेशी खुम्चन्छ, पेटेलामा इन्सर्सन भएकोले घुँडा चल्छ, तर पेल्भिकबोन स्थिर रहन्छ। ओरिजिन र इन्सर्सन दुवै रबरको डोरीजस्तो हुन्छ। ओरिजिनको डोरी सानो तर इन्सर्सनको डोरी ठूलो हुन्छ। यस डोरीलाई टेन्डन भनिन्छ। हेर्दा मांसपेशी नै पातलो भएर बनेको जस्तो लाग्छ। तर यो मांसपेशीको भाग नभएर अलग्गै संरचना हो। यसरी घुँडा माथि ल्याउने क्रियालाई फ्लेक्शन र फेरि पहिलेजस्तो अवस्थामा ल्याउने प्रक्रियालाई एक्सटेन्शन भनिन्छ। यसरी नै अरू रोटेशन, एडक्शन, एब्डक्शन आदि मुभमेन्टका प्रकार छन्। एडक्शन दुवै खुट्टा टसाउनु र एब्डक्शन मतलब खुट्टा फैलाउनु हो।

मांसपेशीको चार चरित्र हुन्छ : १. एक्साइटेबिलिटी अर्थात् कुनै कुराले यसलाई उत्तेजित पार्न सकिन्छ। जसरी चिमोटचो वा आगोमा हात पर्न गयो भने तुरुन्त मांसपेशी काम गर्नको लागि उत्तेजित हुन्छ र हामी हात हटाउँछौं। २. कन्ट्रेक्लिटी अर्थात् मांसपेशीमा खुम्चन सक्ने क्षमता हुन्छ। ३. एक्सटेन्सिबिलिटी अर्थात् मांसपेशीलाई लमन्याउनु वा स्ट्रेच गर्न सकिन्छ र ४. इलास्टिसिटी : अर्थात् लमन्याउन छोडेपछि मांसपेशी फेरि पूर्व अवस्थामा फर्कन्छ। टेन्डनमा केवल यही मात्र गुण हुन्छ । त्यसैले मांसपेशीसँग एटैच भएपनि टेन्डन मांसपेशी होइन। नाङ्गो आँखाले लाश चिरफार गरेर के देखिन्छ भने मांसपेशी एउटा कभरभित्र हुन्छ जसलाई फासालाटा भनिन्छ। यसरी केवल नाङ्गो आँखाले गर्ने निरीक्षणलाई ग्रौस एनाटोमी भनिन्छ, जसको पिता हिप्पोक्रेटस हुन् र सम्पूर्ण एनाटोमीको पिता हीरोफिलिस हुन् । मांसपेशीलाई वेसालियसले मसल नाम दिए। लैटिनमा मस माने माउस हुन्छ । त्यसैबाट उनले मसल नाम दिये। आधुनिक युगमा १९२४ देखि जग हक्सले र एन्ड्रयु हक्सलेले मांसपेशीको सिलसिलेवार अध्ययन गरे।

मांसपेशीको आकार कैयौं प्रकारको हुन्छ जसरी : सिलिन्ड्रिकल अर्थात् बेलना आकारको, स्पिन्डल अर्थात् सियोजस्तो, फ्युजिफर्म अर्थात् दुवैतिर चुच्चो भएको। यसैगरी मासुका फाइबरहरू समानान्तर : स्मुथ मसल बेल्टजस्तो हुन्छ जसमा लम्बवत समानान्तर फाइबर हुन्छ । कार्डियेक मांसपेशीमा दुवै प्रकारका फिलामेन्ट पाइन्छ । सर्कुलर : यसमा फिलामेन्ट मिलेर एउटा वृत्त बनाउँछ र यो मलद्वार वा मूत्रद्वारमा पाइन्छ । यसबाहेक चराको प्वाँख सरह बीचमा एउटा डाँठ हुन्छ र दुवैतिर मांसपेशीका फिलामेन्ट हुन्छन्। जब डाँठको एकातिर मात्र फिलामेन्ट हुन्छ तब त्यसलाई युनिपिनेट, दुवैतिर भए बाइपिनेट र यसरी नै मल्टिपिनेट पनि हुन्छ। यस्ता मांसपेशी पञ्जा र गोडामा पाइन्छ। यो भयो मांसपेशीको सजावट।

माइक्रोस्कोपिक बनावट : मांसपेशीको सिंगलसेललाई मायोफिब्रिल भनिन्छ। फाइबरको अर्थ धागो हुन्छ। मांसपेशी स्वयं एक सेल हो जसको सेलमेम्ब्रेनलाई सार्कोलिमा र साइटोप्लास्मलाई सार्कोप्लाज्म भनिन्छ। यसको सेलभित्र एक वा एकभन्दा बढी न्युक्लियसको साथै सेलमा पाइने सबै संरचना– जस्तै गोल्जीबडी, माइटोकौंड्रिया आदि पनि साइटोप्लास्ममा पाइन्छ । यो त भयो एउटा फाइबर, जसको बाहिर एउटा कभरिङ हुन्छ, जसलाई इन्डोमाइसिन भनिन्छ। यस्ता अनेकौं फाइबर एक साथ हुन्छ, जसलाई फेसाइकल भनिन्छ। यस फेसाइकलमाथि पनि एउटा कभरिङ हुन्छ, जसलाई पेरिमाइसियम भनिन्छ । अब यो फेसाइकल पनि एक्लै होइन, अनेकौं एकसाथ मिलेर बसेका हुन्छन् जसलाई बन्डल भनिन्छ। यो पनि एउटा कभरिंगले ढाकिएको हुन्छ, जसलाई इपिमाइसियम भनिन्छ । मतलब फिब्रिलको समूह

(बाँकी पाँचौं पातामा)

## अन्तर्राष्ट्रिय समाचार

# पूर्वराष्ट्रपतिलाई डेढ वर्ष हिरासतमा राख्न आदेश



भूतपूर्व राष्ट्रपति पेड्रो कास्टिलो । तस्वीरः सिन्हवा

लिमा, १ पुस/सिन्हवा

पेरूको सर्वोच्च अदालतका न्यायाधीश जुआन कार्लोस चेक्लेले भूतपूर्व राष्ट्रपति पेड्रो कास्टिलोलाई डेढ वर्षसम्म हिरासतमा राख्न आदेश दिएका छन् ।

पूर्वराष्ट्रपति कास्टिलो र पूर्वप्रधानमन्त्री एनिबल टोरेसविरुद्धको अनुसन्धानलाई जारी राख्न अभियोजकको कार्यालयले डेढ वर्ष माग गरेको थियो तर टोरेसको हिरासत समयबारे केही उल्लेख नगरिएको पेरूको समाचार समिति एन्डिनाले जनाएको छ । कास्टिलोलाई कम्तीमा १० वर्षको कारावासको सजायको माग गरिएको छ। राज्यद्रोह र षडयन्त्रको अभियोगमा गत साता पूर्वराष्ट्रपति कास्टिलोलाई पक्राउ गरिएको थियो। उनलाई पक्राउ गरेपछि देशभर आन्दोलनले अशान्ति फैलाएको छ। पूर्वराष्ट्रपतिका समर्थकले आयोजना गरेको आमहडताल र आन्दोलनका क्रममा १४ जनाको मृत्यु भएको छ भने कैयौं प्रहरी र सर्वसाधारण घाइते भएका छन्। घाइते ४० जनालाई अस्पताल भर्ना गरिएको छ ।

देशव्यापी आन्दोलनका कारण दैनिक दुई करोड ६० लाख अमेरिकी डलर बराबरको क्षति भएको अर्थ मन्त्रालयले जनाएको छ। राष्ट्रपति डिना बोल्वार्टेले आन्दोलनकारीलाई वार्तामा आउन आग्रह गर्दै शान्ति, सहमति र भ्रातृत्वका निम्ति आह्वान गरेकी छन्। आन्दोलनले उग्ररूप लिएपछि एक महीनाका लागि देशभर आपत्काल लागू गरिएको छ। राजधानी लिमामा 'कफ्र्यू' लगाइएको छ । आन्दोलनकारीले कास्टिलोलाई हिरासतमुक्त गर्नुपर्ने, राष्ट्रपति बोल्वार्टेले राजीनामा दिनुपर्ने तथा तत्काल निर्वाचनको मिति तोकिनुपर्ने माग गरेका छन्। रासस

# क्वालालम्पुरमा पहिरोमा परी दुईजनाको मृत्यु, ५१ जना बेपत्ता



तस्वीरः एएनआई

क्वालालम्पुर, १ पुस/एएनआई

मलेशियाको राजधानी क्वालालम्पुरस्थित शिविरमा पहिरोमा परी दुईजनाको मृत्यु भएको छ भने ५१ जना बेपत्ता भएका छन् ।

स्थानीय प्रहरीका अनुसार बिहान ७ बजेसम्म ५१ जना बेपत्ता रहेको र उद्धारको प्रयास भइरहेको छ। यसैबीच, न्यू स्ट्रेट टाइम्सले पहिरो जाने समयमा त्यस शिविरमा ७९ जना मानिस रहेको उल्लेख गरेको छ ।

अग्नि तथा उद्धार विभागले २३ जना पहिरोबाट जोगिएको र तीनजना घाइते भएको बताएको छ ।

"अग्निशामक विभाग र स्वैच्छिक फायर एशोसिएशन, निजी फायर डिपार्टमेन्ट, प्रहरी, मलेशियन सिभिल डिफेन्स फोर्स, स्वास्थ्य मन्त्रालय र स्मार्ट टोली जस्ता अन्य निकायहरूको सहयोगमा खोजी र उद्धार प्रयास जारी रहेको बताइएको छ । रासस

### बङ्गलादेशबाट ...

सुनाइरहेका छन् । यसमा हार्दिकता बढी हुन्छ । भेषले आर्जन गरेको हार्दिकता क्षणिक भएपनि अन्तर्हृदयलाई चमत्कृत पार्ने हुँदोरहेछ, अभ्यन्तरमा सन्तोष दिनेरहेछ । काठमाडौंको कुरा गर्ने सुरक्षाकर्मीको अनुहारमा हार्दिकताको बेजोड चमक देखिन्छ ।

भन्सार क्षेत्र न हो । सम्भवतः पहिलोचोटि बङ्गलादेशी ट्रक देखिन्छ । ट्रक त उस्तै नै हो, नम्बर प्लेटले भने बङ्गलादेशको हो भनेर चिनिन्छ। नेपाली र भारतीय सवारी तथा ढुवानी साधनहरूको नम्बर प्लेटभन्दा केही फरक किसिमका भएकोले सजिलै चिनिन्छ । फर्किंदैछौं बिस्तारै। पैदल हिंडिरहेका छौं । भारतीय नम्बर प्लेटका केही ट्रकहरू पहिलेदेखि नै लाइनमा छन् । शायद कार्यालय खुल्ने समयमा यी ट्रकहरूको काम होला । अझै समय बाँकी छ । अनि बल्ल सम्झना हुन्छ कि यहाँ भीडभाड वा चहलपहल नहुनुको मुख्य कारण चाहिं भन्सार बन्द रहेकोले हो। अहिले त कार्यालय समय छैन । अनि नेपाल र भारतको जस्तो खुला सिमाना पनि छैन। यहाँबाट एक देशका नागरिक अर्को देशमा जानको लागि औपचारिक प्रक्रियाहरू पूरा गर्नुपर्छ। यो यस हिसाबले व्यवस्थित नाका हो ।

अनि देखिन्छ एउटा नेपाली नम्बर प्लेटको ट्रक । मानिसलाई देख्दैनौं तर नेपाली नम्बर प्लेट देख्नासाथ आफ्नोपनको अनुभूति हुन्छ । शायद मसुरो होला भन्ने अनुमान हुन्छ । हामीकहाँका गल्लावालहरू यही भन्छन् कि मसुरो जति बङ्गलादेश पुग्छ। नेपालको गाडी बङ्गलादेश जानलाई भारतको भूमिमा रोकिएको रहेछ। एउटै गाडीले तीन देशको सम्बन्धलाई पनि वर्णन गरिरहेको अनुभूति हुन्छ ।

आफ्नोपन अनुभूतिको आनन्द प्राप्त गर्दै पाइलाहरू अगाडि बढिरहेका छन्। गन्तव्य निकै टाढा छ । अलिक हतार पनि छ । हामीमध्ये कोही पनि असम पुगेका छैनौं र असमको यात्राको लागि मेरै प्रस्ताव रहेको छ। झन्डै तीन/चार वर्षदेखि कामाख्याको दर्शन गर्ने प्रस्ताव गर्दै आएको छु। फलिभूत हुँदैछ ।

केही मिनेटमा जहाँ हाम्रो वाहन रोकिएको थियो, आइपुग्छौं । भारत-बङ्गलादेश सीमातिर दृष्टि दिन्छौं । सीमानाकाले बिदाइको हार्दिकतापूर्वक हात हल्लाइरहेको छ, अमिलो मुस्कानका साथ।

### आजको राशिफल

| | |
|---|---|
| मेष — कडाश्रम | वृष — चोरभय |
| मिथुन — भयचिन्ता | कर्कट — मित्रमिलन |
| सिंह — कान्तिक्षय | कन्या — सुयश |
| तुला — खर्चवृद्धि | वृश्चिक — धनलाभ |
| धनु — कर्मप्राप्ति | मकर — राज्यभय |
| कुम्भ — वादविवाद | मीन — यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना

वीरगंज-पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज-पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ। साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारु हुने बेहोरा अनुरोध छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रीड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र

पारदर्शी बनौं,
भ्रष्टाचार रोकौं ।

वीरगंज महानगरपालिका कार्यालय

# वीरगंजमा आर्थिक अपराध बढ्दो

प्रस, वीरगंज, १ पुस/

नेपालको मुख्य नाकाको रूपमा रहेको वीरगंजमा अहिले आर्थिक अपराधमा एक्कासि वृद्धि भएको छ ।

गएराति वीरगंजको रानीघाटस्थित केही व्यापारीको गोदाममा प्रहरीले छापामारी गरी २८१ क्विन्टल खाद्यान्न सामग्री बरामद गरेको थियो ।

जिल्ला प्रहरी कर्यालय, पर्साले शुक्रवार प्रेस विज्ञप्ति जारी गर्दै राजस्व छलेर भारतीय विभिन्न ब्रान्डका चामल, पीठो, मैदालगायत खाद्यान्न सामग्रीहरू नियन्त्रणमा लिई कारबाईको लागि वीरगंज भन्सार कार्यालय बुझाएको जनाएको छ। सीमामा जनपद तथा सशस्त्र प्रहरी हुँदाहुँदै पनि ठूलो परिमाणमा खाद्यान्न सामग्री भित्रिनुले सुरक्षाकर्मीहरूमाथि प्रश्न तेर्सिएको छ ।



वीरगंजको रानीघाटस्थित गोदाममा बिहीवार छापामारी गरी भारतीय ब्रान्डको चामल नियन्त्रणमा लिंदै सशस्त्र प्रहरी । तस्वीरः फाइल

सीमानाकामा सशस्त्र र जनपद प्रहरी तैनाथ रहे पनि उनीहरूको नाकमुनिबाट यति ठूलो परिमाणमा खाद्यान्न सामग्री कसरी भित्रियो भन्ने अहिले चर्चा चलेको छ। छापामारी गरिएको गोदामको तीन मिटरनजीकै रानीघाट प्रहरी चौकी हुँदाहुँदै पनि अवैध सामानहरू भित्रिनुले यस घटनामा प्रहरीको मिलेमतो हुन सक्ने बताइएको छ ।

# हरपतगंजमा मेयर घरदैलो स्वास्थ्य शिविर



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १ पुस/

वीरगंज महानगरपालिका-२० हरपतगंजमा बिहीवार मेयर घरदैलो स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

मङ्सिर २४ गतेदेखि शुरू भएको मेयर घरदैलो स्वास्थ्य शिविर बिहीवार चौथो दिन रहेको र ४८३ जना महिलासहित ७५३ जनाले स्वास्थ्य सेवा लिएको महानगरले जनाएको छ ।

चिकित्सकसहितको टोलीले १५७ जनालाई ल्याब र १५ जनालाई युएसजी सेवा दिएको थियो। शिविरमा बिरामीको अवस्था हेरी मोबाइल ल्याबबाट तत्कालै रगत परीक्षण गराइएको र निशुल्क औषधि वितरण गरिएको डा सागर गुप्ताले बताए ।

विशेषगरी वृद्धवृद्धा, गर्भवती महिला तथा अन्य स्वास्थ्य समस्या भएका महिलाहरूले घरदैलोमैं जाँच गर्न पाएको डा जिन्नतुन नेशाले बताइन् ।

शिविरमा स्वास्थ्य शाखाका प्रमुख रितेश जैसवाल, सुमनचन्द्र ठाकुर, सुनील कुर्मी, डा उमेश सरार्फलगायत टोलीमा खटेका थिए ।

# क्रिसमस डेको अवसरमा शुभकामना

बलिराम शुक्ल, बिरुवागुठी, १ पुस/



तस्वीरः प्रतीक

क्रिसमस डेको अवसरमा पर्सागढी नगरपालिका-३ स्थित आशाको किरण चर्चले शुक्रवार शुभकामना तथा सांस्कृतिक कार्यक्रम गरेको छ ।

चर्चका प्रमुख पास्टर बखदबहादुर पहरीको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य सुरेश पहरी, जीतबहादुर पहरीलगायतले क्रिसमस डेको शुभकामना दिएका थिए ।

कार्यक्रममा चर्चका कलाकारहरूले सांस्कृतिक कार्यक्रम गरेका थिए ।

कार्यक्रमको सहजीकरण शर्मिला पहरीले गरेकी थिइन् । क्रिसमस डे पुस १० गते डिसेम्बर २५ तारिखका दिन परेको छ ।

### वीरगंज कोरिडोर....

सेलो, लिंकलेयर, हाउजर, मोन्टेक्स जस्ता कम्पनीलाई टक्कर दिन फ्रेन्ज ब्रान्डमा कलम उत्पादन हुने उनले बताए। यो उद्योगले बलपेन, जेलपेन, इरेजर, सार्पनर, मार्कर र स्केल पनि उत्पादन गर्ने बताइएको छ ।

नेपालमा वार्षिक ३० करोड थान कलमको खपत रहेको अध्ययनले देखाएको छ । जसमध्ये तीस प्रतिशत अवैधानिकरूपमा भारतबाट चोरबाटो हुँदै भित्रिने गरेको व्यवसायीहरूको आकलन छ ।

# पूर्वनगरप्रमुख यादवलाई मातृशोक

बलिराम शुक्ल, बिरुवागुठी, १ पुस/

पर्सागढी नगरपालिकाका पूर्वप्रमुख तथा नेपाली काङ्ग्रेस मधेस प्रदेश कमिटी सदस्य लोकनारायण यादवलाई मातृशोक परेको छ ।

वडा नं ६ बागेश्वरी चैनपुरस्थित घरमा पूर्वनगरप्रमुख यादवकी ८८ वर्षीया आमा सोनादेवी यादवको शुक्रवार निधन भएको हो। उनको अन्तिम संस्कार भोलि शनिवार आर्यघाटमा गरिने पारिवारिक स्रोतले जनाएको छ ।



### मांसपेशी ...

फेसिकल हो र फेसिकलको समूह हो बन्डल। एउटा फिब्रिल ३ देखि १२ सेमी लामो हुन्छ र यसरी पूरै पेशीको लम्बाइमा सजाइएको हुन्छ । यसलाई अझ स्पष्टरूपले यसरी बुझ्न सकिन्छः

एउटा पातलो छडी लिनुस् र त्यसलाई प्लास्टिकले बेर्नुस्। यहाँ छडी मायोफिब्रिल वा फिलामेन्ट हो र प्लास्टिक हो इन्डोमाइसियम । अब यस्ता १०० वटा छडी लिएर सबैलाई एउटा अर्को प्लास्टिकले बेर्नुस्। यी १०० वटा छडी एउटा फेसाइकल हो र प्लास्टिक हो पेरिमाइसियम । अब फेरि हजारवटा यस्ता फेसाइकल लिनुस् र त्यसलाई पनि एउटा प्लास्टिकले बेर्नुस् । यही हजार वटा फेसाइकलहरू बन्डल हो र कभरिंग हो इपिमाइसियम ।

लाइटमाइक्रोस्कोपले हेर्दा यसभन्दा पनि विचित्र दृश्य देखिन्छ। त्यो के भने प्रत्येक फिब्रिल एक्टिन र मायोसिन नामक प्रोटिनले बनेको हुन्छ। यसमा दुई तत्त्व हुन्छ, जसमा एउटालाई डार्कबैन्ड र अर्कोलाई लाइट बैन्ड भनिन्छ। प्रकाश जुन बैन्डमा पर्छ र भित्र रिफ्रेक्ट हुन्छ त्यसलाई डार्क र जसमा प्रकाश रिफ्रेक्ट हुँदैन त्यसलाई लाइटबैन्ड भनिन्छ । यसलाई ए र आई बैन्ड पनि भनिन्छ। यी दुवै प्रोटिन एउटा रेखामा हुन्छ तर आपसमा टाँसिएको हुँदैन। बीचमा स्पेस हुन्छ र पर्पेन्डिकुलर धर्को हुन्छ जसलाई एम लाइन भनिन्छ । यो त भयो ए र आई बैन्डको बीचको धर्को । दुई आइबैन्डको वीचमा पनि एउटा धर्को हुन्छ, जसलाई जेडलाइन भनिन्छ। यिनै एक्टिन र मायोसिन तत्त्व मांसपेशीको कन्ट्रेक्टाइल तत्त्व हुन् । अर्थात् यसैको कारणले नै मांसपेशी खुम्चिन र फैलन सक्छ ।

भनिन्छ बूढी औंलाको मांसपेशीको सम्बन्ध ब्रेन, इन्डेक्स फिंगरको लिभर, मिडिलको मुटु, रिंग फिंगरको हार्मोन र लिटिल फिंगरको सम्बन्ध पाचनसित हुन्छ। यो एक्युप्रेसरको सम्बन्धमा महत्त्वपूर्ण छ । मसलले लगाउने फोर्स २० देखि ३० न्युटन प्रतिवर्गसेमी हुन्छ । पुरुषभन्दा महिलाको फोर्स ३३ प्रतिशत कम अथवा ६७ प्रतिशत मात्र हुन्छ ।

मांसपेशी बनाउन प्रोटिन खानु निकै आवश्यक छ । प्रोटिनले हार्मोन र इम्युनसेल पनि बनाउँछ। तर मांसपेशी बन्नु केवल प्रोटिनमा निर्भर हुँदैन। व्यायाम गरिएन भने खाएको खेर जान्छ। व्यायामले नै नयाँनयाँ मांसपेशीको निर्माण भइरहन्छ। यो कुरा कति महत्त्वपूर्ण छ भने यदि कुनै अङ्गलाई काममा लगाइएन भने त्यो नाकाम भएर जान्छ, जसलाई ननयुज वा डिसयुज एटुरोफी भनिन्छ । एट्रोफीको मतलब सुखेर जानु हो। जसरी मिनोपोजपछि बच्चा जन्माउने काम हुँदैन र पाठेघर सुखेर जान्छ। यसरी डिसयुज वा ननयुज एट्रोफीका धेरै उदाहरण हुन सक्छ। त्यस कारण हामीले आफ्नो अङ्गप्रत्यङ्गबाट सधैं काम लिइराख्नुपर्छ। मेरो विचारमा यति वर्णन हाम्रो लागि पर्याप्त छ। यद्यपि जति वर्णन गरे पनि धेरै बाँकी रहने कुरा पनि सत्य हो। अस्तु !

# जथाभावी पार्किङ र निर्माण सामग्री हटाउन नगरप्रमुखको निर्देशन

प्रस, वीरगंज, १ पुस/

वीरगंजको बसपार्कदेखि लक्ष्मणवा


तस्वीरः सौजन्य

हुँदै गण्डकसम्म पुग्ने सहायक बाइपास सडकखण्डमा भइरहेको जथाभावी पार्किङ हटाउन महानगरले चेतावनी दिएको छ।

नगरप्रमुख राजेशमान सिंहसहितको टोलीले शुक्रवार सो ठाउँको अवलोकन गर्दै सडकमा पार्किङ गरिएको र निर्माण सामग्री राखेका कारण मानिसहरूलाई आवतजावतमा समस्या भएको देखेपछि सो कार्य तत्काल हटाउन निर्देशन दिएका हुन्। सडकमा जथाभावी पार्किङ गर्ने र निर्माण सामग्री राख्दा दुर्घटना हुन सक्ने भएकोले सो सामान हटाउन चेतावनी दिइएको छ।

उनले महानगरको स्वीकृति लिएर मात्र तोकिएको ठाउँमा निश्चित समयका लागि मात्र राख्न पाउने बताउँदै विनाइजाजत निर्माण सामग्रीहरू राख्नेहरूविरुद्ध कारबाई हुने चेतावनी दिए। उनले तत्काल ती सामानहरू नहटाए नगरपालिकाले हटाउने र त्यसको हर्जाना सम्बन्धित पक्षसँग लिने चेतावनी दिए।

यसैगरी, शुक्रवार नगरप्रमुख सिंहसहितको टोलीले वीरगंज–४ बिर्ता बजारको अवलोकन पनि गरेको थियो। मङ्गलवार र शुक्रवार बजार लाग्ने क्रममा माछा व्यापारीहरूले जथाभावी माछा बिक्री गर्ने, काट्ने र फोहर फाल्ने गरेकाले सो ठाउँ दुर्गन्धित हुँदा जथाभावी फोहर नफाल्न आग्रह गरे।

यसैगरी, नगरप्रमुख सिंहले वडा नं ५ र ३ का विभिन्न स्थानमा पुगेर स्थानीयसँग छलफल गरेका थिए। महानगरपालिकाले सो वडाको लागि गर्नुपर्ने आवश्यक कामहरूको बारेमा स्थानीयहरूसँग सरसल्लाह लिएको नगरप्रमुखका स्वकीय सचिव सत्यराज घिमिरेले बताए।

## मिलको फित्तामा बेरिएर मजदूरको मृत्यु

प्रस, पोखरिया, १ पुस/

मिलको फित्ताले बेरिएर विन्ध्यवासिनी गाउँपालिकामा एकजना मजदूरको मृत्यु भएको छ।

विन्ध्यवासिनी गापा–१ गर्दौलस्थित रामबालक साहको समिलमा धान कुटानी गर्ने क्रममा मिलका मजदूर अन्दाजी ५० वर्षीय रामाशिषराउत कुर्मीको मृत्यु भएको प्रहरीले जनाएको छ।

धान कुट्ने क्रममा मिलको फित्ता चलाउने क्रममा हात फसेर टाउकोमा चोट लागी घटनास्थलमैं मृत्यु भएको वडाध्यक्ष अच्छेलाल महतोले बताएका छन्।

## भोजपुरी चलचित्र मेन्टल आशिक प्रदर्शन

प्रस, परवानीपुर, १ पुस/

भोजपुरी कथानक चलचित्र मेन्टल आशिकको शुक्रवारदेखि प्रदर्शन शुरू




भएको छ। नेपालका ४० वटा सिनेमा हलमा चलचित्रको प्रदर्शन भइरहेको चलचित्र युनिटले बताएको छ।

वीरगंजमा पत्रकार सम्मेलन गरी १६ डिसेम्बरदेखि नेपालमा र २३ डिसेम्बरदेखि भारतमा प्रदर्शन हुने समयतालिका रहेको बताइएको छ। चलचित्रका अभिनेता सावन कुमारले पत्रकार सम्मेलन गरी भोजपुरी चलचित्रको इतिहासमा पहिलोपटक नेपाल र भारतमा करीब डेढ सयभन्दा बढी चलचित्रघरमा प्रदर्शन हुने भएकामा आफूहरू उत्साही भएको बताए।

वीरगंज–१६ नगवा घर भई मार्शल आर्ट प्रशिक्षकको रूपमा काम गर्दै आएका सावन कुमार मुख्य पात्रमा छन्। करीब एक करोड ६० लाखको लागतमा निर्माण भएको उनले पत्रकार सम्मेलनमा बताए। यो चलचित्रमा प्रेम, एक्शन, हाँस्यलगायत विधा रहेकाले घरपरिवारका सदस्यहरूले निर्धक्क साथ हेर्न सक्ने अभिनेता सावन कुमारले बताए। चलचित्रका निर्माता मुकेशकुमार पण्डित र निर्देशन तथा सङ्गीत रामाकान्त प्रसादको रहेको छ भने गीत प्यारेलाल र यादव राजले लेखेका छन्। छवटा गीत रहेको चलचित्रमा शिल्पीराज, अन्तरासिंह प्रियङ्का, मोहन राठौरलगायत गायकगायिकाले स्वर दिएका छन्।

चलचित्रमा भारतीय मूलकी रितु सिंह, नेपालकी अस्मिनी शाही, सञ्जय महानन्दा, भानु पाण्डे, प्रज्वल, सुजल गिरी, नन्दु श्रीवास्तव, घनश्याम गिरी, विशाल सिंह, टिकटक स्टार प्रीति पासवानलगायतको अभिनय रहेको छ।

वीरगंज, निजगढ, काठमाडौं, लखनऊमा छायाङ्कन भएको चलचित्र भारतको बिहार, उत्तर प्रदेश, झारखण्ड, दिल्ली, पञ्जाब, महाराष्ट्रलगायत राज्यका करीब ८० वटा सिनेमाघरमा प्रदर्शन गर्ने तयारी भइरहेको पत्रकार सम्मेलनमा सहभागी चलचित्रका सहनिर्माता अशोक जैसवालले बताए। नेपालका निर्माता छवि ओझाको एफडी कम्पनीले यो चलचित्रको बजार व्यवस्थापन गरिरहेको छ।




**उत्पादन बढाऔं र मितव्ययी बनौं**

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## मेयर टी–२० क्रिकेटः विन्ध्यवासिनी गापा विजयी

प्रस, पोखरिया, १ पुस/

पोखरियामा जारी मेयर कप टी–२० क्रिकेट प्रतियोगिताको पाँचौं दिन विन्ध्यवासिनी गाउँपालिका विजयी भएको छ।


तस्वीरः प्रतीक

धोबिनी गाउँपालिकासँगको खेलमा विन्ध्यवासिनीले चार विकेटको अन्तरले पराजित गर्दै जीत हासिल गरेको हो।

टस जितेर ब्याटिङ गरेको धोबिनीले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर १५० रन जोडेको थियो। प्रतिउत्तरमा विन्ध्यवासिनीले १७ ओभरमा छ विकेट गुमाएर १५४ रन बनाइ जीत हासिल गऱ्यो।

आजको खेलको 'म्याद अफ दी म्याच' ३८ बलमा ६७ रन बनाएका विन्ध्यवासिनी गापाका रामकुमार चौहान घोषित भए।

शनिवारको खेल कालिकामाई गापा र वीरगंज महानगर–१९ बीच हुने आयोजक कमिटीले जनाएको छ।

## उदय मेमोरियलको उपाधि नृसिंह माविले उचाल्यो

प्रस, वीरगंज, १ पुस/

ग्यालेक्सी माविद्वारा सञ्चालित उदय मेमोरियल क्रिकेट टुर्नामेन्ट आज सम्पन्न भएको छ।

वीरगंजको आदर्शनगर रङ्गशालामा नृसिंह मावि र माईस्थान विद्यापीठबीच भएको फाइनल खेल नृसिंह माविले छ विकेट अन्तरले जितेको छ।

टस जितेर माईस्थानले ब्याटिङ गर्दै १९.२ ओभरमा १५१ रन बनाएको थियो। प्रतिउत्तरमा नृसिंहले १४ ओभरमा लक्ष्य हासिल गरेको थियो। प्रतियोगिताको 'म्यान अफ दी म्याच' ४४ रन बनाएका नृसिंह माविका मनु यादव घोषित भए।

विजेता, उपविजेता टीमलाई कार्यक्रमका प्रमुख अतिथि राप्रपाका नेता नरेश साहले प्रमाणपत्र, शिल्ड, मेडलसहित पुरस्कृत गरेका थिए।

ग्यालेक्सी माविका प्रधानाध्यापक अमित सिंहको अध्यक्षतामा भएको थियो। प्रतियोगितामा बाराका छवटा र पर्साका १० वटा गरी १६ वटा विद्यालयको सहभागिता रहेको खेलकूद प्रशिक्षक विशेश्वर पटेलले जानकारी गराए।

## चुनावको कारण बन्द सीमानाका खुला

प्रस, वीरगंज, १ पुस/

भारतीय सीमावर्ती शहर रक्सौल नगर निगमको निर्वाचनको लागि बिहीवार बिहानदेखि भारतले वीरगंज–रक्सौल सीमानाका बन्द गरेकोमा पुनः खुला गरेको छ।

हिजो बिहीवार बिहानदेखि भारतले पूर्वसूचनाविना आफ्नोतर्फको नाका बन्द गर्दा नेपाल–भारत आवतजावत गर्नेहरूलाई समस्या भएको थियो भने ठूलो सङ्ख्यामा सवारीसाधन पनि रोकिएका थिए।

दुवैतर्फका सीमा प्रशासकहरूको वार्ताबाट शुक्रवार साँझदेखि नाका खुला भएको हो।

जिल्ला प्रशासन कार्यालय, पर्साका निमित्त प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बन्द सीमानाका खुला भएको र रक्सौल नगर निगमको निर्वाचनका लागि सीमानाका पुस ३ गते आइतवार बिहान ५ देखि साँझ ७ बजेसम्म बन्द हुने बताए।

नेपाल रभारतबीच भएको सहमति अनुसार कुनै एक देशमा निर्वाचनको बेला मतदानको दिनले ७२ घण्टाअगावै सीमानाका बन्द हुँदै आएको छ।

## वीरगंजमा महेन्द्र जयन्ती मनाइयो

प्रस, वीरगंज, १ पुस/

नेपाल राष्ट्रवाद सङ्घ र देशभक्त राजभक्त समूहले १०३औं महेन्द्र जयन्ती मनाएको छ। नेपाल राष्ट्रवाद सङ्घको


तस्वीरः सौजन्य

आयोजनामा वीरगंज महानगरपालिकाको नगर सभागृहमा रहेको पूर्वराजा महेन्द्रको सालिकमा माल्यार्पण गरिएको थियो।

सो अवसरमा सङ्घका अध्यक्ष जनकलाल साहले पूर्वराजा महेन्द्रले देश र जनताको लागि गरेको योगदानको चर्चा गर्दै श्रद्धाञ्जलि अर्पण गरेका थिए। कार्यक्रममा उपाध्यक्ष उमाशङ्कर प्रसाद, राजेन्द्र पाल, हरेराम रौनियार, सन्तोष गुप्ता, वीरेन्द्र साह तेली, राधाकृष्ण चौहान, वकील मियाँ, सङ्गीतादेवी साहलगायतको सहभागिता थियो।

यसैगरी, महेन्द्र जयन्तीको अवसरमा देशभक्त राजभक्त समूहले महावीरस्थानमा कार्यक्रम गरेको थियो। समूहका अध्यक्ष दीपेन्द्र रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा राजकिशोर चौबे, पशुपति विक्रम शाह, उषा शाह, सतीश श्रीवास्तव, वीरेन्द्र थापा, अब्दुल सतार अन्सारी, अनु राणा र रवि लाठले पूर्वराजा महेन्द्रप्रति श्रद्धासुमन व्यक्त गरेका थिए।

## नेपाल–भारतका सेनाबीच सूर्यकिरण अभ्यास

प्रस, वीरगंज, १ पुस/

भारतीय राजदूतावास, काठमाडौंले नेपाल–भारत संयुक्त सैन्य अभ्यास 'सूर्यकिरण'को १६औं संस्करण नेपाली सैनिक ब्याटल स्कूल सालझण्डीमा आजदेखि शुरू भएको छ।

दुवै देशका झन्डा फहराएर सैन्य धुनमा परेड खेलेसँगै सूर्यकिरण सैन्य अभ्यास शुक्रवारदेखि शुरू गरिएको हो। दुई सातासम्म यो सैन्य अभ्यास सञ्चालन हुने नेपालस्थित भारतीय राजदूतावासले जनाएको छ।

सैन्य अभ्यासमा भारतीय सेना र नेपाली सेनाका पैदल सैन्यदलले अन्तर सैन्ययुद्ध क्षमतालाई सुदृढ बनाउन र प्रतिविद्रोह तथा मानवीय सहायता एवं विपद् व्यवस्थाबारे अनुभव साटासाट गरेर तालीम गर्ने बताइएको छ।

भारतीय सेना अन्तर्गतको गोर्खा रेजिमेन्टको एक बटालियन सूर्यकिरण सैन्य अभ्यासमा सहभागी छ। अभ्यासको क्रममा दुवै सेनाले एकअर्काका हतियार, उपकरण, रणनीति र कार्यविधिबारे परिचित गराउनेछन्। यसैगरी, हिमाली भूभागमा प्रतिविद्रोह वातावरणमा काम गर्दा यो सैन्य अभ्यास उपयोगी साबित हुने विश्वास गरिएको छ।

सूर्यकिरण सैन्य अभ्यासमा मानवीय सहायता तथा विपद् राहत हाई एल्टिच्युड वारफेर र जङ्गल वारफेर अपरेशनमा पोख्त पारिने र पुस १४ गतेसम्म चल्ने यो अभ्यासमा दुवै देशका सेनाहरूले ४८ घण्टा कडा अभ्यास गर्ने बताइएको छ।